सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२८ चैत २०८२, शनिबार (11 Apr 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३५२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

दुई मन्त्री नियुक्त

उद्योगमा गौरी र श्रममा रामजी



गौरीकुमारी



रामजी यादव

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीमा रामजी यादव र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीमा गौरीकुमारी नियुक्त भएका छन् । दुवै मन्त्रीले शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलबाट शपथ लिएर कार्यभार सम्हालेका छन् ।

झन्नयाँ



अलिअलि डर, अलिअलि आशा

'हामी रहरले यहाँ बसेका होइनौं । राम्रो विकल्प हुन्छ भने बस्ती छोड्न तयार छौं । युवा प्रधानमन्त्रीले केही गर्लान् कि भन्ने आशा छ ।'

● शान्ति तामाङ

उमादेवी बादी भन्छिन्-

सीतालाई भेटेर धेरै कुरा भन्नु छ



उमादेवी बादी



सीता बादी (सांसद)

जेन-जी सांसद रुबीले रचिन् इतिहास

'कान्छी' उपसभामुख



संसद्मा उपस्थित २५७ सांसदमध्ये रुबीकुमारीले २२९ सांसदको मत पाइन् भने राप्रपाकी सरस्वती लामाले पाँच मत मात्रै ल्याइन् । श्रम संस्कृति पार्टीकी रुबीकुमारीलाई सरकारको नेतृत्व गरिरहेको दल रास्वपा र प्रमुख प्रतिपक्षी कांग्रेससहित चौथो दल नेकपाले पनि समर्थन गरेको थियो । २५ सांसद रहेको तेस्रो दल एमालेले भने कुनै पनि उम्मेदवारलाई मत दिएन ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

श्रीमान् वैदेशिक रोजगारीमा रहेका महिला

परिवार र समाजबाटै झेल्छन् हिंसा

श्रीमान् वैदेशिक रोजगारीमा रहेका महिलाहरू घरभित्रै शंका, सामाजिक लाञ्छना र यौनजन्य हिंसाका सिकार मात्र हुने गरेका छैनन्, कतिपयले ज्यानसमेत गुमाएका छन्

शिल्पा कर्ण / नयाँ पत्रिका

मुगुको छायानाथ-रारा नगरपालिका- ६, मन्दु गाउँकी २६ वर्षीया श्रीदेवी बोहरा र उनका दुई छोरा तथा एक छोरी ०८० कात्तिकमा आफ्नै घरमा मृत अवस्थामा फेला परेका थिए । उनीहरूको शव हत्या गरिएको अवस्थामा भेटिएको थियो । सामूहिक हत्याको यो घटनाका वेला उनका श्रीमान् वैदेशिक रोजगारीका लागि विदेशमा थिए । उनी एक वर्षअघि मात्र कतार पुगेका थिए ।

त्यस्तै, तेह्रथुममा पाँच वर्षअघि २८ वर्षीया विन्दा पुरीको हत्या भएको थियो । उक्त घटनामा उनका आफ्नै देवरहरू संलग्न थिए । १० वर्ष र १५ महिनाका दुई छोराकी आमा पुरीको घाँटी रेटेर बीभत्स हत्या गरिएको थियो । प्रारम्भिक अनुसन्धानअनुसार वैदेशिक रोजगारीमा दुबईमा रहेका श्रीमान्ले विन्दालाई मात्र पैसा पठाउने र परिवारका अन्य सदस्यले उक्त रकम प्रयोग गर्न नपाएपछि उत्पन्न विवादका कारण देवरहरूले हत्या गरेको खुलेको थियो ।

अध्ययन भन्छ-
वैदेशिक रोजगारीमा गएका महिला हिंसाको उच्च जोखिममा

मुगुको घटनामा ३१ वर्षीय गोर्खबहादुर शाही र ३१ वर्षीय गोपाल बोहराविरुद्ध प्रहरीले मुद्दा दर्ता गरेको थियो । उनीहरू नातामा श्रीदेवीका काका र देवर पर्थे । अनुसन्धानका क्रममा चारैजनाको खुकुरी प्रहार गरी हत्या गरिएको खुलेको थियो । दुवैले सुन तथा नगद लुट्ने उद्देश्यले हत्या गरेको प्रहरीसमक्ष स्वीकार गरेका थिए ।

तेह्रथुममा विन्दा पुरीको हत्या आरोपमा उनका दुई » पृष्ठ २ मा क्रमशः



पुरुषको आप्रवासनले महिला तथा बालबालिकामाथि पारेको सामाजिक असरबारे सर्लाही, सप्तरी र धनुषामा गरिएको एक अध्ययनले श्रीमान् विदेश गएपछि धेरैजसो महिला घरबाट छुट्टिएर सहर वा अन्यत्र बस्न थालेको देखाएको छ । नेपाल इन्स्टिच्युट फर सोसल एन्ड इन्भाइरोनमेन्टल रिसर्चले सन् २०१९ मा गरेको उक्त अध्ययनअनुसार श्रीमान् विदेश गएपछि आफूमाथि हिंसा बढेको भन्दै ८१ प्रतिशत श्रीमतीहरूले प्रतिक्रिया दिएका छन् । साथै, औसतमा ६२ प्रतिशत महिलाले श्रीमान् परदेश गएपछि आफ्नो जीवनमा थप समस्या बढेको बताएका छन् । अध्ययनले महिलाहरूले भोग्ने प्रमुख समस्यामा परिवारको सहयोग नपाउनु, आर्थिक अभाव, चरित्रमाथि शंका, अन्य पुरुषबाट हुने हिंसा, बाहिर आवत-जावतमा रोक, मानसिक तनाव र एक्लोपनजस्ता पक्षहरू रहेको देखाएको छ । त्यस्तै, मानव अधिकार आयोगले ०७६ मा तयार पारेको प्रतिवेदनमा पनि वैदेशिक रोजगारीमा गएकाहरूका श्रीमतीहरूले सामाजिक, आर्थिक, यौनिक र घरेलु हिंसा सहनु परिरहेको छ ।

● **कमला पराजुली**, अध्यक्ष, राष्ट्रिय महिला आयोग



वैदेशिक रोजगारीसँग सम्बन्धित दुई प्रकारका उजुरीहरू आयोगमा आउने गरेका छन् । श्रीमान्ले विदेशमा अन्य सम्बन्ध राख्ने, श्रीमती र बालबालिकालाई खर्च नपठाउने, सुत्केरी वा बिरामी अवस्थामा पनि बेवास्ता गर्ने घटनाहरू छन् । साथै श्रीमान् विदेशमा हुँदा घरमा श्रीमतीमाथि हुने घरेलु हिंसा र दुर्व्यवहारसम्बन्धी उजुरीहरू पनि आउने गरेका छन् । उजुरीहरू न्याय पाउने र मिलापत्रमार्फत समस्या समाधान हुने अपेक्षासहित आयोगमा आउने गर्छन् ।

● **धीरज भट्टराई**, जिल्ला संयोजक, सुरक्षित आप्रवासन कार्यक्रम (सुनसरी)



श्रीमती विदेश जाँदा बरु श्रीमान् छिट्टै विचलित हुने र अन्यत्र सम्बन्ध राख्ने प्रवृत्ति बढी देखिन्छ । यसको विपरीत धेरैजसो श्रीमतीहरूले घरधन्दा सम्हाल्ने, बालबच्चाको जिम्मेवारी बहन गर्ने र विदेशबाट आएको पैसालाई नेपालमै लगानी गर्ने गरेका छन् । त्यसैगरी श्रीमान् विदेशमा हुँदा महिलाहरू सामाजिक लाञ्छनाको सिकार हुने र सजिलै 'इजी टार्गेट' बन्ने अवस्था देखिन्छ ।

● **रीता साह**, अधिकारकर्मी तथा अध्येता



प्रायः विवाहपछि पुरुष वैदेशिक रोजगारीमा जाने गर्छन्, जसका कारण २० देखि ४० वर्ष उमेर समूहका महिला एक्लै घर सम्हाल्न बाध्य हुन्छन् । यस्तो अवस्थामा पुरुषहरूमा पनि विवाहेत्तर सम्बन्ध हुने देखिए पनि समाजमा भने महिलाका यस्ता सम्बन्धको बढी चर्चा र आलोचना हुने प्रवृत्ति छ । कतिपय अवस्थामा पुरुषहरू विदेशमा असुरक्षित यौन सम्बन्धमा संलग्न हुँदा रोग महिलामा सर्ने घटनाहरू पनि देखिएका छन् ।

● **अविनारायण काफ्ले**, प्रवक्ता, प्रहरी



वैदेशिक रोजगारीसँग जोडिएका सबै घटना हिंसासँग सम्बन्धित हुँदैनन्, तर यस्ता प्रकृतिका थुप्रै उजुरी आउने गरेका छन् । विशेषगरी संयुक्त परिवारमा श्रीमान् वैदेशिक रोजगारीमा हुँदा घरमै रहेका बुहारीमाथि सासू-ससुरा वा परिवारका अन्य सदस्यबाट घरेलु हिंसा हुने घटनाहरू देखिएका छन् । सामान्य अवस्थामा मिलापत्र गराइने र गम्भीर प्रकृतिका घटनामा मुद्दा दर्ता गरी कानुनी प्रक्रिया अघि बढाइने गरिएको छ ।

दुईदिने बिदा स्वास्थ्य क्षेत्रमा पूर्ण लागू नहुने

आलोपालो बिदा बसेर अस्पताल सञ्चालन गर्नुपर्ने

● **डा. समीर अधिकारी**, सहप्रवक्ता, स्वास्थ्य मन्त्रालय



स्वास्थ्य सेवा निरन्तर र प्रभावकारी रूपमा सञ्चालन गर्न यस्तो व्यवस्था गरिएको हो । अस्पतालहरूले आइतबार बिरामीको चाप र कार्यभारअनुसार ओपिडी सञ्चालन गर्नुपर्नेछ । सो दिन खटिने कर्मचारीले अन्य दिन बिदा मिलाउन पाउनेछन्, साथै सट्टा बिदाको व्यवस्था पनि गर्न सकिनेछ । यो नियम संघीय तथा प्रादेशिक अस्पतालमा लागू हुनेछ । लगातार दुई दिन सेवा बन्द गर्दा बिरामीलाई गाह्रो पर्छ । त्यसैले आइतबार पनि पालो मिलाएर सेवा सञ्चालन गर्न भनेका हौं ।

शिवहरि घिमिरे / नयाँ पत्रिका

सरकारले शनिबार र आइतबार सार्वजनिक बिदा दिने निर्णय गरे पनि स्वास्थ्य क्षेत्रमा भने उक्त व्यवस्था पूर्ण रूपमा लागू नगर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्देशन दिएको छ । मन्त्रालयले संघीय र प्रादेशिक अस्पताललाई आलोपालो बिदा मिलाएर ओपिडी सेवा सञ्चालन गर्न आग्रह गरेको हो । मन्त्रालयले डाक्टर तथा कर्मचारीलाई सातामा दुई दिन बिदा पर्ने गरी पालो मिलाएर बिदा बस्न अनुरोध गरेको छ । तर, अस्पतालका ओपिडी तथा उपचार सेवा भने लगातार दुई दिन बन्द नगर्न » पृष्ठ २ मा क्रमशः

■ सुरु भयो बिस्का (बिस्केट) जात्रा



आठ रात,
नौ दिनसम्म धुमधामका साथ मनाइने प्रसिद्ध बिस्का (बिस्केट) जात्रा शुक्रबारबाट सुरु भएसँगै भक्तपुरमा रौनक छाएको छ ।

भक्तपुर दरबारमा रहेको पाँचतले र भैरवनाथको मन्दिर प्रांगणमा निर्माण गरिएको तीनतले प्यागोडा शैलीको भैरवनाथको रथ तानेर बिस्केट जात्रा सुरु भएको हो । मातृसत्ता अन्त्य गरी पितृसत्ता कायम भएको अवसरमा यो जात्रा लिच्छविकालदेखि मनाइँदै आएको छ । वसन्तपुरको सेतो मत्स्येन्द्र र पाटनको रातो मत्स्येन्द्रभैं भक्तपुरमा बिस्केट जात्रा प्रसिद्ध छ ।

तस्बिर : **संजित परियार**

तार तानेको एक वर्षसम्म बिजुली बाल्न पाएनन् चुरेका स्थानीयले

गाउँमा पोल पुग्यो, तार तानियो, तर दुई दर्जन गाउँबस्तीका आठ सय परिवारमा अझै बलेन बत्ती

धनगढीमा **तेजराज भट्ट**

कैलालीको चुरे गाउँपालिका २ र ४ का दुई दर्जन गाउँबस्तीका बासिन्दाले विद्युत्को पोलमा तार तानेको एक वर्षसम्म बिजुली बाल्न पाएका छैनन् ।

वडा नम्बर २ का केदार, वसन्तपुर, सल्लेखोला, हिजरे, नौघरे, बेसना, कर्णगिरी र डौठे तथा वडा नम्बर ४ का खैराला, रानीभुगुडा, बन्ड, टाटा, साटा, न्यौन्याल, बैसेनी, पहाडी, खारेपानी, कोट, टुँडिखाल, मलेकुन्डा, तामेगर्भा, बुढागर्भा र न्युरीसैनलगायत गाउँबस्तीमा विद्युत् पुगेको छैन । नेपाल विद्युत् प्राधिकरणले यी बस्तीमा डेढ वर्षअघि पोल गाडेर एक वर्षअघि तारसमेत तानिसकेको छ । तर, अझै विद्युत् छोडेको छैन ।

गाउँपालिका अध्यक्ष चक्रबहादुर बोगटीका अनुसार विद्युत् प्राधिकरणले तार तानिसकेको दुई दर्जन गाउँबस्तीका झन्डै आठ सय परिवारले बिजुली बाल्न पाएका छैनन् ।

गाउँमा पोल र तार तानेपछि बिजुली बाल्ने आशामा खुसी भएका स्थानीय लामो समयसम्म विद्युत् नछोडिएपछि खिन्न छन् । चुरे- ४, खैरालाका स्थानीय भीम चन्दले तार तानेपछि बिजुली छोड्न » पृष्ठ २ मा क्रमशः



चुरे गाउँपालिका- ४, बैसेनीमा विद्युत् वितरणका लागि तानिएका तार

■ प्राधिकरण भन्छ-

मिटर नहुँदा विद्युत् छाड्न सकिएन

नेपाल विद्युत् प्राधिकरण धनगढी वितरण केन्द्रले अहिले मिटरको समस्या रहेकाले चुरेका तार तानेका बस्तीमा विद्युत् छोड्न नसकेको जनाएको छ । वितरण केन्द्र प्रमुख सन्तोष पन्तले केही समययता अभाव रहेको मिटर आउन अझै करिब एक महिना लाग्ने बताए । उनका अनुसार चुरेका वडा नम्बर २ र ४ का तार तानेका बस्तीमा विद्युत् जडान गर्नुपर्ने घरधुरी संख्या करिब आठ सय छ । 'त्यो ठाउँमा लाइन छोड्नुपर्छ भनेर कुरा भइरहेको छ, तर अहिले देशैभरि मिटर अभावको समस्या छ । मिटर आएपछि जडान गरेर लाइन छोड्छौं,' उनले भने । परीक्षण गर्ने क्रममा गत २८ जेठमा तारमा छोडिएको करेन्ट लागेर चुरे- २ का ३१ वर्षीय खगेन्द्र तारामी मगर घाइते भएका थिए । वडाध्यक्ष साउदका अनुसार करेन्टले जलेपछि उनको हात र एउटा खुट्टा काटिएको छ ।

■ परराष्ट्रमन्त्री मौरिससमा

भारत, भुटान र बंगलादेशका समकक्षीसँग सहकार्यबारे छलफल

नयाँ पत्रिका

हिन्द महासागरीय सम्मेलनमा सहभागी हुन मौरिससको पोर्ट लुई पुगेका परराष्ट्रमन्त्री शिशिर खनालले शुक्रबार भारत, भुटान र बंगलादेशका समकक्षीसँग बेग्लाबेग्लै भेटवार्ता गरेका छन् । उनीहरूबिच द्विपक्षीय तथा क्षेत्रीय सहकार्यबारे छलफल भएको छ । नेपालमा नयाँ सरकार गठन भएपछि दक्षिण एसियाली देशका नेतासँग भएको यो पहिलो उच्चस्तरीय भेटवार्ता हो ।



भारतीय समकक्षी डा. एस जयशंकरले परराष्ट्रमन्त्री खनाललाई पदभार सम्हालेकोमा बधाई दिएका छन् । नेपालमा नयाँ सरकार गठन भएपछि दुई देशका परराष्ट्रमन्त्रीबिच पहिलोपटक भेट भएको हो । परराष्ट्र मन्त्रालयद्वारा जारी विज्ञप्तिअनुसार दुई नेताबिच नेपाल-भारतबिचको दीर्घकालीन र बहुआयामिक सम्बन्धबारे समीक्षा गरिएको थियो । दुवै पक्षले आपसी हितका विषयमा रचनात्मक र दूरदर्शी छलफल गर्दै दुई देशबिचको द्विपक्षीय सहकार्यलाई अझ सुदृढ बनाउने साझा प्रतिबद्धता पुनः व्यक्त गरेको परराष्ट्रले जनाएको छ ।

'हामीले दीर्घकालीन र बहुआयामिक नेपाल-भारत सम्बन्धका विभिन्न पक्षहरूको समीक्षा गर्‍यौं । पारस्परिक हितका विषयमा भएको रचनात्मक » पृष्ठ २ मा क्रमशः

दुईदिने बिदा...

पृष्ठ १ बाट क्रमशः

स्पष्ट निर्देशन दिइएको छ । लगातार दुई दिन सेवा बन्द हुँदा बिरामी मारमा पर्ने भन्दै स्वास्थ्यकर्मीले पहिलेदेखि नै यस्तो व्यवस्था अस्पतालमा लागू गर्न नहुने बताउँदै आएका छन् । यसको सट्टा उनीहरूले अतिरिक्त कामका लागि थप सुविधा उपलब्ध गराउन माग गरेका छन् । यसअघि शनिबार मात्र बिदा हुँदा पनि आइतबार सरकारी अस्पतालमा बिरामीको अत्यधिक चाप देखिने गरेको थियो । अब दुई दिन बिदा दिँदा उपचार सेवा प्रभावित हुने र सोमबार अत्यधिक भिड हुने सम्भावना भएकाले आइतबार पनि पालो मिलाएर ओपिडी सञ्चालन गर्न निर्देशन दिइएको मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले बताए ।

'स्वास्थ्य सेवा निरन्तर र प्रभावकारी रूपमा सञ्चालन गर्न यस्तो व्यवस्था गरिएको हो । अस्पतालहरूले आइतबार बिरामीको चाप र कार्यभारअनुसार ओपिडी सञ्चालन गर्नुपर्नेछ । सो दिन खटिने कर्मचारीले अन्य दिन बिदा मिलाउन पाउनेछन्, साथै सट्टा बिदाको व्यवस्था पनि गर्न सकिनेछ । यो नियम संघीय तथा प्रादेशिक अस्पतालमा लागू हुनेछ,' मन्त्रालयका सहप्रवक्ता डा. अधिकारीले भने, 'लगातार दुई दिन सेवा बन्द गर्दा बिरामीलाई गाह्रो पर्छ । त्यसैले आइतबार पनि पालो मिलाएर सेवा सञ्चालन गर्न भनेका हौँ । ठुला अस्पतालमा बिरामीको चाप धेरै हुन्छ ।'

हाल वीर अस्पतालमा दैनिक औसत करिब एक हजार पाँच सय बिरामी ओपिडी सेवाका लागि आउने गर्छन् । त्रिवि शिक्षण अस्पतालमा करिब नौ सय, निजामती अस्पतालमा ४५०, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एक हजार दुई सय, गंगालाल हृदयरोग अस्पतालमा ४५० र प्रसूतिगृहमा करिब ७५० बिरामी दैनिक आउने गरेका छन् । यसबाहेक शल्यक्रिया तथा आपत्‌कालीन सेवामा आउने बिरामीको संख्या पनि उल्लेखनीय हुने गर्दछ ।

सातामा दुई दिन सार्वजनिक बिदा हुँदा ओपिडीदेखि शल्यक्रियासम्मका सेवामा असर पर्ने अस्पतालहरूले बताएका छन् । काठमाडौंका संघीय अस्पतालहरूमा देशभरबाट बिरामी आउने भएकाले दुई दिन सेवा बन्द हुँदा लामो प्रतीक्षा र भिड व्यवस्थापनमा समस्या हुने देखिएको छ । यही कारण मन्त्रालयले आइतबार पनि सेवा सञ्चालन गर्न निर्देशन दिएको हो ।

यता स्वास्थ्यकर्मी र अस्पताल कर्मचारीले भने आइतबार ओपिडी सञ्चालन गर्दा सो दिनको अतिरिक्त पारिश्रमिक उपलब्ध गराउनुपर्ने माग गरेका छन् । 'बिदाको दिन काम गर्नुपर्ने हो भने सरकारले त्यसअनुसारको सुविधा दिनुपर्छ, अन्यथा काम गर्न सकिँदैन,' वीर अस्पतालका एक कर्मचारीले भने, 'अन्य क्षेत्रमा दुई दिन बिदा दिइन्छ, तर जीवनरक्षासँग जोडिएको क्षेत्रमा खटिने स्वास्थ्यकर्मीलाई विनापारिश्रमिक काम गर्न भन्न मिल्दैन ।' वीर अस्पतालका कार्यकारी निर्देशक डा. दिलीप शर्माले पनि बिदाको दिन काम गर्दा स्वास्थ्यकर्मीलाई प्रोत्साहन आवश्यक हुने बताए । यद्यपि, मन्त्रालयको निर्देशन पालना गर्ने उनले जनाए । त्रिवि शिक्षण अस्पतालका चिकित्सकहरू पनि आइतबार सेवा सञ्चालन गर्नुपर्ने निर्णयप्रति असन्तुष्ट देखिएका छन् ।

परिवार र समाजबाटै...

पृष्ठ १ बाट क्रमशः

देवर २५ वर्षीय बालकृष्ण पुरी र ३२ वर्षीय सुरेन्द्र पुरीलाई प्रहरीले पक्राउ गरेको थियो । उनीहरू झापाबाट गाडी रिजर्भ गरी योजनाबद्ध रूपमा तेह्रथुम पुगेको अनुसन्धानबाट खुलेको थियो । प्रहरीका अनुसार सुरुमा डोरीले घाँटी कसेर हत्या गर्ने प्रयास असफल भएपछि उनीहरूले छुरी प्रयोग गरी घाँटी रेटेर बीभत्स हत्या गरेका थिए ।

श्रीमान् वैदेशिक रोजगारीमा रहेका वेला नेपालमा रहेका महिलालाई समाजले हेर्ने दृष्टिकोण अझै पनि पूर्वाग्रही रहेको महिलाहरू बताउँछन् । सामान्यतया श्रीमान् विदेश जाँदा श्रीमतीको चरित्रमाथि प्रश्न उठाउने, पठाएको पैसा लिएर अर्कासँग भाग्ने वा विवाहेत्तर सम्बन्धमा रहेकोजस्ता आरोप लगाउने प्रवृत्ति देखिन्छ । तर, श्रीमान् विदेशमा हुँदा महिलामाथि हुने हिंसा र दुर्व्यवहारबारे भने पर्याप्त ध्यान नदिइएको उनीहरूको गुनासो छ ।

'परदेशीको श्रीमती भएपछि आफूलाई 'अभाइलेबल' ठान्ने मानसिकता रहेछ । गाउँका मानिसहरूले राम्रो नजरले हेर्दैनन्,' काठमाडौंमा डेरा लिएर बस्दै आएकी बाराकी एक महिलाले भनिन्, 'घरमा सासू-ससुरासँग बस्दा विभिन्न कुरा लगाएर झगडा गराइदिन्छन्, जसले विदेशमा रहेका श्रीमान्लाई समेत तनाव दिन्छ ।'

उनका अनुसार सासू-ससुरासँग बस्दा श्रीमान्ले पठाएको पैसाले पूरै घरधन्दा चलाउनुपर्ने, आफ्नै खर्चका लागि समेत स्वतन्त्रता नहुने र बालबच्चाको उचित हेरचाहमा समस्या हुने भएपछि उनी छुट्टिएर बस्न बाध्य भएकी हुन् ।

सुनसरीमा सुरक्षित वैदेशिक रोजगारी कार्यक्रमका जिल्ला संयोजक धीरज भट्टराईका अनुसार समाज र सञ्चारमाध्यममा महिलासम्बन्धी नकारात्मक घटनाहरू मात्र बढी चर्चामा आउने प्रवृत्तिले वास्तविक अवस्था ओझेलमा परेको छ । 'श्रीमती विदेश जाँदा श्रीमान् छिट्टै विचलित हुने र अन्यत्र सम्बन्ध राख्ने घटना पनि कम छैनन्,' उनले भने, 'तर, धेरैजसो महिलाले घर धानेका छन्, बालबच्चा हुर्काएका छन् र विदेशबाट आएको पैसा नेपालमै लगानी गरेका छन् । तर, यस्ता सकारात्मक पक्षभन्दा नकारात्मक कथाहरू नै बढी फैलिन्छन् ।'

उनका अनुसार श्रीमान् विदेशमा हुँदा महिलाहरू सामाजिक लाञ्छनाको सिकार हुने र सजिलै 'इजी टार्गेट' बन्ने अवस्था छ । यसका साथै, श्रीमान्ले पठाएको रकमको उपयोग तथा श्रीमान्को मृत्युपश्चात् पाउने बिमा रकमजस्ता विषयमा पनि परिवारभित्र विवाद उत्पन्न हुने गरेको छ । 'कानुनले श्रीमतीलाई नजिकको नातेदार मान्छ, तर व्यवहारमा भने देवर वा सासू-ससुराले नै पैसा लिन खोज्ने प्रवृत्ति देखिन्छ,' भट्टराईले भने, 'यही कारण धेरै महिला बालबच्चासहित अलग बस्न बाध्य हुने गरेका छन् ।'

राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुलीका अनुसार श्रीमान् वैदेशिक रोजगारीमा रहँदा श्रीमतीमाथि हुने हिंसाका उजुरीहरू आयोगमा उल्लेख्य रूपमा आउने गरेका छन् । उनका भनाइमा कतिपय अवस्थामा श्रीमान्ले नै विदेशबाट मानसिक तथा आर्थिक हिंसा गर्ने वा घरका अन्य सदस्यबाट पनि श्रीमतीमाथि दुर्व्यवहार हुने गरेको पाइन्छ ।

उनका अनुसार श्रीमान् विदेशमा बस्दा त्यहीँ वा नेपालकै अन्य महिलासँग सम्बन्ध राख्ने, परिवारलाई आवश्यक आर्थिक सहयोग नपठाउनेजस्ता घटनाहरू पनि देखिएका छन् । यसका साथै श्रीमती सुत्केरी वा बिरामी हुँदासमेत श्रीमान्ले चासो नदिने र बालबच्चाको जिम्मेवारीबाट पन्छिने प्रकृतिका उजुरीहरू आयोगमा पर्ने गरेका छन् । 'श्रीमान् विदेशमा हुँदा यता श्रीमतीमाथि दुर्व्यवहार र घरेलु हिंसाका घटनाबारे पनि उजुरीहरू आउने गरेका छन्,' उनले भनिन् । यस्तो अवस्थामा आयोगले सम्भव भएसम्म मिलापत्रमार्फत समस्या समाधान गर्ने प्रयास गर्दै आएको उनले बताइन् ।

०७८ साल भदौको मध्यतिर सर्लाहीको ब्रह्मपुरी गाउँपालिका- ७ का वडाध्यक्ष श्यामकुमार यादवविरुद्ध बलात्कार प्रयासको उजुरी परेको थियो । सोही वर्ष भदौ ५ गते यादवले एक महिलाको घरमा राति पुगेर बलात्कार प्रयास गरेको आरोप लागेको हो ।

उक्त घटनाका पीडित महिलाका श्रीमान् वैदेशिक रोजगारीका सिलसिलामा विदेशमा रहेका थिए । परिवार मात्र नभई समाजमा प्रभावशाली मानिने व्यक्तिहरूबाट समेत यस्ता घटना हुने गरेको पीडित पक्षको भनाइ छ । श्रीमान् साथमा नहुँदा कानुनी प्रक्रिया अघि बढाउन कठिन हुने र महिलाले असहाय महसुस गर्नुपर्ने अवस्था रहेको बताइन्छ ।

धनुषाकी एक महिला भने श्रीमान् विदेश गएपछि घरको सम्पूर्ण जिम्मेवारी आफैँले सम्हाल्नुपरेको अनुभव सुनाउँछिन् । सासू लेखपढ गर्न नजान्ने र बिरामी भएकाले घरको सम्पूर्ण व्यवस्थापन आफूले गर्नुपरे पनि समाजले निरन्तर शंका र आरोप लगाउने गरेको उनको गुनासो छ ।

'स्कुलमा बच्चाको फी तिर्न जाँदा पनि फलानो सरसँग सम्बन्ध छ भन्छन्, एउटै पसलबाट सामान ल्याउँदा पसलेसँग सम्बन्ध जोड्छन् । म दिक्क भइसकेँ,' उनी भन्छिन्, 'मैले सबै काम एक्लै सम्हालिरहेकी छु भन्ने मलाई मात्र थाहा छ ।' उनका अनुसार श्रीमान्का साथीहरूले समेत राम्रो दृष्टिले नहेर्ने, छिमेकी तथा आफन्तहरूले साना-साना विषयमा समेत शंका गर्ने र बारम्बार झगडा हुने अवस्था सिर्जना गर्ने गरेका छन् । यसले गर्दा उनी सधैँ मानसिक तनाव र त्रासमा बस्न बाध्य भएकी छिन् ।

यसरी श्रीमान् विदेशमा रहेका वेला घरमा महिलामाथि हिंसा, शंका र सामाजिक लाञ्छना बढ्ने गरेको देखिन्छ । कतिपय अवस्थामा परिवारका सदस्य वा आपराधिक मानसिकता भएका व्यक्तिहरूले घरमा पुरुषको अनुपस्थितिको फाइदा उठाउने र अपराध गर्न सहज ठान्ने गरेको पनि पाइन्छ ।

राष्ट्रिय महिला आयोगकी अध्यक्ष पराजुलीका अनुसार नेपाली समाजमा पुरुषलाई घरको प्रमुख आधारस्तम्भका रूपमा लिइन्छ । 'श्रीमान् बाहिर भएपछि श्रीमतीमाथि हिंसाका घटना हुने गरेका छन्,' उनले भनिन्, 'घरकै सदस्यबाट नै महिलामाथि हिंसा हुने उजुरीहरू आयोगमा आउने गरेका छन् ।'

सामाजिक अध्येता तथा अधिकारकर्मी रिता साहका अनुसार मधेशमा हुने लैंगिक हिंसा, महिला हत्या र आत्महत्याका घटना कतै न कतै वैदेशिक रोजगारीसँग जोडिएका देखिन्छन् । उनका भनाइमा विवाहपछि श्रीमती वैदेशिक रोजगारीमा जाने प्रचलन बढे पनि श्रीमान्-श्रीमतीबिच शारीरिक तथा भावनात्मक आवश्यकताका विषयमा खुलेर संवाद नहुने अवस्था रहेको छ ।

'वैदेशिक रोजगारीको ठुलो सामाजिक मूल्य महिला र बालबालिकाले चुकाइरहेका छन् । तर, यस विषयमा सरकारबाट व्यापक र औपचारिक अध्ययन नहुनु दुःखद हो,' साह भन्छिन् । उनका अनुसार वैदेशिक रोजगारीको परिभाषामा छिमेकी देश भारतमा काम गर्न जानेहरूसमेत समेटिनुपर्ने आवश्यकता छ । समाजमा भने महिलामाथि बढी दोषारोपण हुने गरेको उनको भनाइ छ ।

■ अध्ययन भन्छ- वैदेशिक रोजगारीमा गएका महिला हिंसाको उच्च जोखिममा

पुरुषको आप्रवासनले महिला तथा बालबालिकामाथि पारेको सामाजिक असरबारे सर्लाही, सप्तरी र धनुषामा गरिएको एक अध्ययनले श्रीमान् विदेश गएपछि धेरैजसो महिला घरबाट छुट्टिएर सहर वा अन्यत्र बस्न थालेको देखाएको छ । नेपाल इन्स्टिच्युट फर सोसल एन्ड इन्भाइरोमेन्टल रिसर्चले सन् २०१९ मा गरेको उक्त अध्ययनअनुसार श्रीमान् विदेश गएपछि आफूमाथि हिंसा बढेको भन्दै ८१ प्रतिशत श्रीमतीहरूले प्रतिक्रिया दिएका छन् । साथै, औसतमा ६२ प्रतिशत महिलाले श्रीमान् परदेश गएपछि आफ्नो जीवनमा थप समस्या बढेको बताएका छन् ।

अध्ययनले महिलाहरूले भोग्ने प्रमुख समस्यामा परिवारको सहयोग नपाउनु, आर्थिक अभाव, चरित्रमाथि शंका, अन्य पुरुषबाट हुने हिंसा, बाहिर आवत-जावतमा रोक, मानसिक तनाव र एक्लोपनजस्ता पक्षहरू रहेको देखाएको छ ।

त्यस्तै, कतिपय महिलाले परिवारकै सदस्यबाट समेत यौनहिंसा भोग्नुपरेको अनुभव सुनाएका छन् । ससुराबाट बलात्कार प्रयास भएको, देवर, जेठाजु तथा श्रीमान्का साथीहरूबाट समेत यौनहिंसामा परेको घटनाहरू अध्ययनमा उल्लेख छन् । यीमध्ये धेरै पीडित महिलाका श्रीमान् वैदेशिक रोजगारीमा रहेका थिए ।

यो विषय मानव अधिकार आयोगको प्रतिवेदनमा पनि उल्लेख छ । ०७६ सालमा आयोगले गरेको 'वैदेशिक रोजगारीमा गएका पुरुषका श्रीमतीले भोग्नुपरेको सामाजिक मूल्य एवं मनोरञ्जन, सत्कार सेवामा कार्यरत महिला तथा बालबालिकाहरूको अवस्था तथा मानव बेचबिखनको जोखिमता प्रारम्भिक अध्ययन प्रतिवेदन, २०७६' अनुसार वैदेशिक रोजगारीमा गएकाहरूका श्रीमतीहरूले सामाजिक, आर्थिक, यौनिक र घरेलु हिंसा सहनु परिरहेको छ ।

कतिपय अवस्थामा यस्ता महिला हत्या र बेचबिखनमा परेकोसमेत प्रतिवेदनमा औँल्याइएको छ । सामी परियोजनाबाट भएको अध्ययन उल्लेख गर्दै उक्त प्रतिवेदनमा धनुषामा ४४ प्रतिशत र सिन्धुपाल्चोकमा ५० प्रतिशत श्रीमान् वैदेशिक रोजगारीमा रहेका महिलाले घरेलु हिंसा भोग्दै आएको बताइएको छ ।

धनुषा र सिन्धुपाल्चोकमा अध्ययन गरी तयार गरिएको आयोगको प्रतिवेदनमा भनिएको छ, 'वैदेशिक रोजगारीमा रहेका युवाहरूका श्रीमतीहरू यौनजन्य हिंसाको पनि उच्च जोखिममा रहने गरेको पाइएको छ । उनीहरूलाई घरभित्रको सदस्यहरूबाट नै पनि यौनजन्य हिंसाको जोखिम उच्च रहेको पाइएको छ ।' आयोगले गरेको अध्ययनका क्रममा बलात्कारको प्रतिकार गर्दा ससुराको मृत्यु भएका घटना पनि भेटिएका थिए भने श्रीमान् वैदेशिक रोजगारीमा जानुभन्दा अगाडि नै कोसँग यौन सम्बन्ध स्थापित गर्ने भन्ने तय गरेर जाने र आएपछि पुनः आफूसँग नै रहनुपर्ने सम्झौता श्रीमान्-श्रीमतीबिच हुने गरेकोसमेत पाइएको थियो ।

प्रतिवेदनमा तराईको र पहाडको एक-एक जिल्लालाई लिइएको थियो । निष्कर्षमा भनिएको छ, 'धनुषा जिल्लामा घरभित्रबाट हुने यौनजन्य हिंसा नभोग्ने त सायदै कोही होला भन्ने स्वरहरू एकैसाथ आउनुले धनुषा जिल्लामा सामाजिक मूल्यले ठुलो जमाएको पाइएको छ । सिन्धुपाल्चोकमा विदेशमा रहेका युवाका श्रीमतीहरूलाई घरगाउँमा नै रहेका युवाले नकारात्मक दृष्टिले हेर्ने 'फसाएर मोज गर्नुपर्छ' भन्ने जस्ता धारणाहरू बनाउने गरेकोले पनि उनीहरूलाई निकै समस्यामा पर्ने गरेको देखाउँछ ।'

श्रीमान् विदेश रहँदा नेपालमा रहेकी श्रीमती बेचबिखनको जोखिममा पर्ने सम्भावना रहेको समेत प्रतिवेदनमा उल्लेख छ । आयोगको प्रतिवेदनले वैदेशिक रोजगारमा रहेका युवाका श्रीमतीहरूले भोग्नुपरेको सामाजिक मूल्य र मानव बेचबिखनको सम्बन्धका बारेमा राष्ट्रव्यापी अध्ययन अनुसन्धान गरी यथाशीघ्र आवश्यक कदम चाल्न सिफारिस गर्नुपर्ने औँल्याएको छ ।

वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार सबैभन्दा बढी वैदेशिक रोजगारीमा जानेमा मधेश प्रदेशका साथै कोशी प्रदेशका जिल्ला छन् । सबैभन्दा बढी धनुषाबाट त्यसपछि झापा अनि मोरङ, सिरहा, महोत्तरी, सुनसरी, रूपन्देही, सर्लाही र सप्तरीबाट वैदेशिक रोजगारीमा जानेहरू छन् ।

नेपाल प्रहरीको तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/८२ मा कुल लैंगिक हिंसाका घटनामध्ये ८१ प्रतिशत घरेलु हिंसासँग सम्बन्धित छन् । सो आर्थिक वर्षमा घरेलु हिंसासम्बन्धी १७ हजार ४९६ वटा मुद्दा दर्ता तथा उजुरी परेका थिए । प्रदेशगत रूपमा हेर्दा सबैभन्दा बढी घरेलु हिंसाका उजुरी मधेस प्रदेशमा दर्ता भएका छन् । त्यहाँ ६ हजार ९४६ वटा मुद्दा तथा उजुरी परेका छन् । त्यसपछि लुम्बिनी प्रदेशमा २ हजार ८७६ र कोशी प्रदेशमा १ हजार ३५६ वटा घरेलु हिंसासम्बन्धी उजुरी तथा मुद्दा दर्ता भएका छन् ।

प्रहरीका अनुसार सबै उजुरीहरू अनिवार्य रूपमा मुद्दा दर्तामा रूपान्तरण हुँदैनन् । सामान्य प्रकृतिका घटनामा प्रहरी मिलापत्र गराउने अभ्यास पनि हुने गरेको छ भने गम्भीर प्रकृतिका घटनामा भने अदालतमार्फत कानुनी प्रक्रिया अघि बढाइने गरिएको छ । मुद्दा दर्ता संख्या प्रायः उजुरीकै आधारमा गणना हुने प्रहरीको भनाइ छ ।

प्रहरीका अनुसार वैदेशिक रोजगारीसँग जोडिएका घटनाहरू पनि ठूलो संख्यामा आउने गरेका छन् । नेपाली समाज प्रायः संयुक्त परिवारमा आधारित भएकाले परिवारका सदस्यहरू काम खोज्ने क्रममा देश-विदेश जाने प्रचलन रहेको छ । यसक्रममा घरमा रहेका श्रीमती वा अन्य सदस्यहरूमाथि शंका, झै-झगडा र पारिवारिक विवाद बढ्ने गरेको देखिन्छ ।

विशेषगरी सासू-ससुरासँगको विवाद, बुहारीमाथि अनावश्यक शंका, छोरालाई उक्साउने र पारिवारिक कलह बढाउने प्रवृत्तिले घरेलु हिंसाका घटना बढाएको प्रहरीको विश्लेषण छ । यद्यपि सबै घटनाहरू एउटै प्रकृतिका नभएको पनि उनीहरू बताउँछन् ।

'प्रहरीका अनुसार घरेलु हिंसा रोकथामका लागि प्रत्येक जिल्लामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा शाखा सञ्चालनमा छन्, जहाँ महिला प्रहरी कर्मचारीहरूसमेत कार्यरत छन् । यसैगरी केन्द्रस्तरमा निर्देशनालय स्थापना गरिएको छ र दलित समुदायका लागि छुट्टै डेस्क पनि सञ्चालनमा छन्' प्रहरी प्रवक्ता अबिनारायण काफ्ले भन्छन्, 'घरेलु हिंसा न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रमहरू, सामाजिक सञ्जालमार्फत सचेतना अभियान तथा समन्वयात्मक कार्यहरू भइरहेको प्रहरीले जनाएको छ । प्रहरीले घरेलु हिंसामा शून्य सहनशीलताको नीति अपनाएको र गम्भीर प्रकृतिका घटनाको अनुसन्धानमा उच्च प्राथमिकता दिइने गरेको छ ।'

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्वाबिव विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी ७ दिने सूचना

सूचना प्रकाशित मिति : २०८२/१२/२८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८३/०१/०४ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि ७ (सात) दिने सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे सम्बन्धित शाखा कार्यालयमा खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण	जमानतकर्ताको विवरण
१) ऋणीः संगिता दानकोटी बाबुको नाम : विमल नेपाली पतिको नाम : चन्द्र बहादुर पुन मगर ससुराको नाम : राम बहादुर पुन ठेगाना : छोप्राक-०८, गोरखा, हाल : तुलसीपुर-१९, दाङ ना.प्र.नं. : ४४१०२७/४९१, जारी मिति : २०६६/०२/२६ जारी गर्ने कार्यालय : जि.प्र.का., गोरखा **कर्जा लिएको शाखा : तुलसीपुर, दाङ** **जमानतकर्ताको विवरण** **क) नाम : चन्द्रबहादुर पुनमगर** बाबुको नाम : रामबहादुर पुन बाजेको नाम : कालु पुन ठेगाना : झेनाम-०६, रोल्पा, हाल : तुलसीपुर -१९, दाङ ना.प्र.नं. : ४०७१७, जारी मिति : २०५९/०६/१६ जारी गर्ने कार्यालय : जि.प्र.का., रोल्पा	**ख) नाम : राम वहादुर पुन** बाबुको नाम : कालु पुन बाजेको नाम : हेमन्त पुन ठेगाना : झेनाम-०६, रोल्पा हाल : तुलसीपुर-१९, दाङ ना.प्र.नं. : ६१४०, जारी मिति : २०४४/१२/३० जारी गर्ने कार्यालय : जि.का., रोल्पा **ग) नाम : कमेनी पुन** बाबुको नाम : रति घर्ति पतिको नाम : राम व.पुन ससुराको नाम : कालु पुन ठेगाना : झेनाम-०६, रोल्पा हालः तुलसीपुर-१९, दाङ ना.प्र.नं.: ५४३०४२/५१, जारी मितिः २०६३/१०/२९ जारी गर्ने कार्यालय : जि.प्र.का., रोल्पा

सुरक्षणमा रहेको धितोको विवरणः श्री मालपोत कार्यालय दाङमा रामबहादुर पुनको नाममा दर्ता कायम रहेको दाङ जिल्ला, ज.म.वि.वि. -०६/६क स्थित कि.नं. १४८१ को क्षेत्रफल १३६.०० व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणीको विवरण	जमानीकर्ताको विवरण
२) ऋणीः रजनी तामाङ बाबुको नाम : कुमार तामाङ पतिको नाम : मान ब. ब्लोन ससुराको नामः मेघ बहादुर ब्लोन तामाङ ठेगाना : किसाननगर वाङ नं.-०५, महोत्तरी हालको ठेगानाः बर्दिबास-०७, महोत्तरी ना.प्र.नं. : १८-२-०७३/६७ जारी मिति : २०७०/०२/०९ जारी गर्ने कार्यालय : जि.प्र.का., महोत्तरी **कर्जा लिएको शाखा : बर्दिवास, महोत्तरी**	**क) नाम : मान बहादुर ब्लोन तामाङ्ग** बाबुको नामः मेघ बहादुर ब्लोन तामाङ्ग बाजेको नाम : राम बहादुर ब्लोन ठेगाना : किसाननगर-०५, महोत्तरी हालको ठेगानाः बर्दिबास-०७, महोत्तरी ना.प्र.नं. : ४९६२६२९०, जारी मिति : २०५६/०४/०३ जारी गर्ने कार्यालय : जि.प्र.का, महोत्तरी **ख) नाम : धन कुमारी ब्लोन** बाबुको नामः मैत सिंह लोप्चन पतिको नामः मेघ बहादुर ब्लोन तामाङ ससुराको नामः राम बहादुर ब्लोन ठेगानाः किसाननगर वडा नं.-०१, महोत्तरी हालको ठेगानाः बर्दिबास-०७, महोत्तरी ना.प्र.नं.: ४९६००७२० जारी गर्ने कार्यालय : जि.का, महोत्तरी जारी मिति : २०३६/१२/१७

सुरक्षण रहेको धितोको विवरण : श्री मालपोत कार्यालय बर्दिबास, महोत्तरीमा रजनी तामाङको नाममा दर्ता कायम रहेको महोत्तरी जिल्ला, किसाननगर वडा नं. ५क स्थित कि.नं. ६४२ को क्षेत्रफल ३९३२.४५ व.मी. भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत

ऋणी/प्रोप्राइटर/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
३) ऋणीः नेसुम पोल्ट्री फर्म दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विभाग, उद्योग विकास शाखा, जलेश्वर, महोत्तरी प्रा.फ.नं.घ.उ.वि.: ४८६३/४५/०७४/०७५ दर्ता मिति : २०७५/०२/२५ ठेगाना : बर्दिबास-७, महोत्तरी पान नं. ६०७९१९०७७ **प्रोप्राइटर/जमानीकर्ताको नाम : मान बहादुर ब्लोन तामाङ्ग** बाबुको नाम : मेघ बहादुर ब्लोन तामाङ्ग बाजेको नाम : राम बहादुर ब्लोन ठेगाना : किसाननगर-०५, महोत्तरी हालको ठेगानाः बर्दिबास-०७, महोत्तरी ना.प्र.नं. : ४९६२६२९०, जारी मिति : २०५६/०४/०३ जारी गर्ने कार्यालय : जि.प्र.का., महोत्तरी **कर्जा लिएको शाखा : बर्दिवास, महोत्तरी**	**क) नाम : रजनी तामाङ** बाबुको नाम : कुमार तामाङ पतिको नाम : मान ब. ब्लोन ससुराको नाम : मेघ बहादुर ब्लोन तामाङ्ग ठेगाना : किसाननगर -०५, महोत्तरी हालको ठेगानाः बर्दिबास -०७, महोत्तरी ना.प्र.नं. : १८-२-०७३/६७ जारी मिति : २०७०/०२/०९ जारी गर्ने कार्यालय : जि.प्र.का., महोत्तरी **ख) नाम : धनकुमारी ब्लोन** पतिको नामः मेघ बहादुर ब्लोन तामाङ ससुराको नाम : राम बहादुर ब्लोन ठेगाना : किसाननगर-०१, महोत्तरी हालको ठेगानाः बर्दिबास-०७, महोत्तरी ना.प्र.नं. : ४९६००७२० जारी मिति : २०३६/१२/१७ जारी गर्ने कार्यालय : जि.का, महोत्तरी

सुरक्षणमा रहेको धितोको विवरणः श्री मालपोत कार्यालय बर्दिवास, महोत्तरीमा धन कुमारी ब्लोनको नाममा दर्ता कायम रहेको महोत्तरी जिल्ला, किसाननगर वडा नं. ५क स्थित कि.नं. ४१३ र ४१४ को क्षेत्रफल क्रमशः १४३९.२२ र १४३९.२२ व.मि भएको को घर/ जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणी/प्रोप्राइटर/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
४) ऋणीः नेशुम सप्लार्यस दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर, महोत्तरी प्रा.फ.र. नं. : ६९३२/६०३/०७७/०७८ दर्ता मितिः २०७७/०८/३० पान नं. ६०८१२३३८३ ठेगाना : बर्दिबास-०१, महोत्तरी **प्रोप्राईटर/जमानीकर्ताको नाम : रजनी तामाङ** बाबुको नाम : कुमार तामाङ पतिको नाम : मान ब. ब्लोन ससुराको नामः मेघ बहादुर ब्लोन तामाङ ठेगाना : किसाननगर-०५, महोत्तरी हालको ठेगानाः बर्दिबास-०७, महोत्तरी ना.प्र.नं.:१८-२-०७३/६७, जारी मिति : २०७०/०२/०९ जारी गर्ने कार्यालयः जि.प्र.का., महोत्तरी **कर्जा लिएको शाखा : बर्दिवास, महोत्तरी**	**क) नाम : मान बहादुर ब्लोन तामाङ्ग** बाबुको नामः मेघ बहादुर ब्लोन तामाङ्ग बाजेको नाम : राम बहादुर ब्लोन ठेगाना : किसाननगर-०५, महोत्तरी हालको ठेगानाः बर्दिबास -०७, महोत्तरी ना.प्र.नं. : ४९६२६२९०, जारी मिति : २०५६/०४/०३ जारी गर्ने कार्यालय : जि.प्र.का, महोत्तरी **ख) नाम : धन कुमारी ब्लोन** बाबुको नामः मैत सिंह लोप्चन पतिको नामः मेघ बहादुर ब्लोन तामाङ ससुराको नाम : राम बहादुर ब्लोन ठेगाना : किसाननगर-०१, महोत्तरी हालको ठेगानाः बर्दिबास-०७, महोत्तरी ना.प्र.नं. : ४९६००७२० जारी गर्ने कार्यालय : जि.का, महोत्तरी जारी मिति : २०३६/१२/१७

सुरक्षण रहेको धितोको विवरण : श्री मालपोत कार्याल बर्दिबास, महोत्तरीमा श्री धन कुमारी ब्लोनको नाममा दर्ता कायम रहेको महोत्तरी जिल्ला, किसाननगर वडा नं. ५क स्थित कि.नं. २७४ र ६४३ को क्षेत्रफल क्रमशः ४१९०.६६ र ३९३२.४५ व.मी. भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन । उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन ।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।

गाउँमा पोल पुग्यो...

पृष्ठ १ बाट क्रमशः

प्राधिकरणले चासो नदिएको गुनासो गरे । गाउँमा अधिकांश स्थानीयले सोलारबाट उज्यालो बाल्ने गरेका छन् । तर, घाम नलागेको र पानी परेको दिन सोलारले काम नगर्ने भएकाले यो भरपर्दो छैन । 'सोलारबाट उज्यालो बाल्ने काम मात्र हो । विद्युत्‌को जस्तो टिभी, फ्रिज चलाउनेलगायत धेरै कुरा गर्न सकिँदैन,' स्थानीय बस्नेत आधारभूत विद्यालयका शिक्षकसमेत रहेका चन्दले भने, 'बिजुली छोड्नुपर्‍यो भनेर वडादेखि विद्युत् प्राधिकरणसम्म पुग्यौँ, अहिलेसम्म सुनुवाइ भएको छैन ।'

प्राधिकरणले तार तानेपछि गाउँमा अधिकांश स्थानीयले बिजुली जोड्न घरमा 'वाइरिङ'समेत गरिसकेका छन् । वडा नम्बर ४ कै बैसेनीका स्थानीय गौरीलाल दियाकोटीले गत जेठमा तारमा करेन्ट छोडेर परीक्षणसमेत गरिए पनि विद्युत् छोड्न प्राधिकरणले आनाकानी गरिरहेको बताए । उनका अनुसार तार तान्ने काम सकिएसँगै प्राधिकरणले मिटर जडान गर्ने भनेपछि स्थानीयले जेठमै घरमा वाइरिङ गरेका थिए ।

'हामी सोलारको भरमा छौँ । सोलारले घाम लागे मात्र काम गर्छ । घाम नलागेको दिन मोबाइलसमेत चार्ज गर्न पाउँदैनौँ,' दियाकोटीले भने, 'घाम नलागेको दिन सोलार चार्ज नहुँदा टेलिकमको टावरले पनि काम गर्दैन । जसले गर्दा मोबाइल नेटवर्क पनि बन्द हुन्छ ।' विद्युत् नहुँदा कुटानी-पिसानीका लागि घट्टको भर पर्नुपर्ने बाध्यता छ ।

वडा नम्बर ४ का वडाध्यक्ष चन्द्रबहादुर लामिछानेले स्थानीय बासिन्दा विद्युत्‌को पर्खाइमा रहेको बताए । उनका अनुसार विद्युत् प्राधिकरण धनगढी वितरण केन्द्रले चुनावलगत्तै मिटर जोड्ने भनेको थियो, तर मिटर वितरणको काम अहिलेसम्म अगाडि बढेको छैन । 'विद्युत्‌का पोल राख्न केही टोल छुटेका छन्, छुटेका ठाउँमा पोल राख्न गाउँपालिकाले विद्युत् वितरण केन्द्रमा निवेदन दिइसकेको छ,' उनले भने, 'केन्द्रले चुनावपछि छुटेका ठाउँमा पोल जडान र विद्युत् छोड्ने काम सँगसँगै गर्ने भनेको थियो, तर अहिलेसम्म काम अगाडि बढेको छैन ।' वडा नम्बर २ का वडाध्यक्ष केशवबहादुर साउदले प्राधिकरणले ट्रान्समिटरसमेत जडान गरिसके पनि विद्युत् नछाडेको बताए ।

विद्युतीकरण नभएका यी बस्ती विकट पहाडी क्षेत्रमा पर्छन् । कैलालीका चुरे र मोहन्याल गाउँपालिका पहाडी क्षेत्रमा पर्छन् । यी दुई पालिकाका दर्जनौँ बस्ती विकट छन् जहाँ विकासका न्यूनतम पूर्वाधार पुग्न सकेका छैनन् । गाउँमा कच्ची सडक पुगे पनि पानी पर्दा र बर्खाका वेला यातायात बन्द हुने गरेको वडाध्यक्ष साउदले बताए ।

गाउँपालिका अध्यक्ष चक्रबहादुर बोगटीका अनुसार विद्युत् छोड्न आग्रह गर्दा मिटर नभएकाले जडान गर्न नसकेको प्राधिकरणले बताउने गरेको छ । 'यो माग लिएर विद्युत् प्राधिकरणको क्षेत्रीय कार्यालय अत्तरिया तथा धनगढी वितरण केन्द्रमा पटक-पटक गयौँ । मिटर छैन भन्छन्,' अध्यक्ष बोगटीले भने, 'मिटरका लागि पैसा चाहिन्छ भने गाउँपालिकाले बजेट विनियोजन गर्छ पनि भन्यौँ ।' एउटा बस्तीमा एउटा मिटर जडान गरेर सबैका घरमा विद्युत् जडान गर्ने र नयाँ मिटर नआउँदासम्म उक्त मिटरमा आएको शुल्क सबैले बराबर तिर्ने गरी मिटर जडान गर्नेबारे छलफल भइरहेको उनले बताए । नेपाल विद्युत् प्राधिकरण धनगढी वितरण केन्द्रले अहिले मिटरको समस्या रहेकाले चुरेका तार तानेका बस्तीमा विद्युत् छोड्न नसकेको जनाएको छ ।

भारत, भुटान...

पृष्ठ १ बाट क्रमशः

र दूरदृष्टियुक्त छलफलले दुई देशबिचको द्विपक्षीय सहकार्यलाई अझ सुदृढ बनाउने साझा प्रतिबद्धतालाई पुनः पुष्टि गरेको छ,' भेटपछि परराष्ट्रमन्त्री खनालले भनेका छन् । सामाजिक सञ्जाल एक्समा भारतीय विदेशमन्त्री जयशंकरले परराष्ट्रमन्त्री खनालसँग भेट भएकोमा खुसी व्यक्त गरेका छन् । उनले लेखेका छन्, 'परराष्ट्रमन्त्रीका रूपमा नियुक्त हुनुभएकोमा उहाँलाई हार्दिक बधाई दिएँ । विभिन्न क्षेत्रहरूमा गहन सहकार्यमार्फत भारत-नेपाल साझेदारीको पूर्ण सम्भावनालाई साकार पार्ने विषयमा छलफल भयो ।'

परराष्ट्रमन्त्री खनाल र भुटानी परराष्ट्र तथा व्यापारमन्त्री डिएन ढुंगेलबिच पनि शुक्रबार भेटवार्ता भएको छ । ढुंगेल पनि सम्मेलनमा सहभागी हुन मौरिसस पुगेका छन् । परराष्ट्र मन्त्रालयले भेटवार्तापछि भनेको छ, 'दुवै पक्षले नेपाल र भुटानबिचको निकट सम्बन्धलाई पुनः पुष्टि गर्दै आपसी हितका महत्त्वपूर्ण क्षेत्रहरूमा द्विपक्षीय सहकार्यलाई अझ विस्तार गर्ने सहमति जनाएका छन् ।'

नेपालीभाषी ढुंगेलले पनि भेटपछि सामाजिक सञ्जालमा प्रतिक्रिया जनाएका छन् । ढुंगेलले भनेका छन्, 'नेपालका परराष्ट्रमन्त्री शिशिर खनालज्यूलाई उक्त पदमा नियुक्ति भएकोमा तथा हालै सम्पन्न निर्वाचनमा उहाँको दलले प्राप्त गरेको उल्लेखनीय विजयका लागि हार्दिक बधाई ज्ञापन गरेँ । हामी द्विपक्षीय सम्बन्धलाई अझ उच्च स्तरमा पुर्‍याउने अपेक्षासहित सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेँ ।' उक्त भेटमा नेपालमा रहेका करिब ६ हजार पाँच सय भुटानी शरणार्थीको स्वदेश फिर्ताका विषयमा कुराकानी भएको बारेमा दुवै पक्षले प्रतिक्रिया जनाएका छैनन् ।

परराष्ट्रमन्त्री खनालले शुक्रबारै बंगलादेशका परराष्ट्रमन्त्री डा. खलिलुर रहमानसँग भेटवार्ता गरेका छन् । परराष्ट्रका अनुसार भेटमा दुवै पक्षले द्विपक्षीय सम्बन्धको मैत्रीपूर्ण अवस्थाप्रति सन्तोष व्यक्त गर्दै सहकार्यलाई अझ सुदृढ बनाउने प्रतिबद्धता जनाएका छन् । उनीहरूले पारस्परिक सम्बन्धलाई थप प्रगाढ बनाउने विभिन्न क्षेत्रमा छलफल गरेको पनि परराष्ट्रले जनाएको छ ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार २८ चैत ०८२
nayapatrikaofficial @nayapa trika

अलिअलि डर, अलिअलि आशा

‘हामी रहरले खोलाकिनारमा बसेका होइनौं । राम्रो विकल्प हुन्छ भने बस्ती छोड्न तयार छौं । युवा प्रधानमन्त्रीले केही गर्लान् कि भन्ने आशा छ ।’



समाज



● शान्ति तामाङ

बालेन सरकारप्रति आशाको नजर

काठमाडौंस्थित कुलेश्वरको फलफूल बजारमा निर्मला विकको किराना पसल छ । उनी बल्खुको सुकुमवासी बस्तीमा बस्छिन् । चुहिने टिनको घरबाहेक उनीसँग अरू केही छैन । नयाँ सरकार बनेपछि उनलाई केही आशा र भरोसा लागेको छ । ‘बाढी आउँदा मध्यराति घर छाडेर भाग्न नपरे हुन्थ्यो,’ उनी भन्छिन्, ‘नयाँ प्रधानमन्त्रीले बस्ती नभत्काइदिएहुन्थ्यो । हामीजस्ताका लागि पनि केही राम्रो काम गरिदिएहुन्थ्यो ।’

बुद्धवीर तामाङ दोलखाबाट काठमाडौं आएको २० वर्ष पुग्न लाग्यो । उनी पनि बल्खु किनारको सुकुमवासी बस्तीमै बस्छन् । दोलखा रहँदा ६ महिना भरपेट खान पनि धौधौ भएपछि उनी काठमाडौं आएका थिए । काठमाडौंमा भौतारिँदै गर्दा उनले बल्खुमा आश्रय भेटे । बल्खु खोलाकिनारमै खेलेर उनका छोराछोरी हुर्किए । छोरीहरू विवाह भएर गइसके । छोरा वैदेशिक रोजगारीका लागि ओमान गएका छन् । छोराले विदेशबाट पठाएको दश लाख खर्चेर उनले सिमेन्ट र बालुवाको घर बनाएका छन् । ‘हामीलाई सरकारले अर्को घर बनाइदिए, यहाँबाट उठेर जाने हो । होइन भने यत्रो लगानी गरेर बनाएको घर छाडेर कहाँ जाँन्न,’ उनी भन्छन् । युवा प्रधानमन्त्री बनेको देख्दा उनलाई पनि केही आशा लागेको छ । उनी भन्छन्, ‘बस्तीका लागि केही नगरे पनि भ्रष्टाचार हटोस् । देशविकास होस् । रोजगारी नभएकाले धेरै नेपाली विदेश जानुपरेको छ । नेपालमै रोजगारी मिलोस् ।’

अप्सरा मल्लिक वीरगन्जकी हुन् । उनी पनि बल्खु खोलाकिनारको सुकुमवासी बस्तीमा बस्छिन् । उनलाई जो प्रधानमन्त्री बने पनि बस्ती सुरक्षित होस् भन्ने लाग्छ । उनी भन्छिन्, ‘बस्ती नभत्कियोस्, यति भए पुग्छ ।’

रस्मिला उप्रेती थापाथली खोलाकिनारको बस्तीमा बस्छिन् । उनको परिवारको तेस्रो पुस्ता यो बस्तीमा बस्दै छ । उनको ससुरा सबैभन्दा पहिले यो बस्ती पसेका थिए । उनी यहाँ बस्न थालेको दुई दशक हुन लाग्यो । सिन्धुपाल्चोकमा उनको थोरै जमिन छ । त्यो जमिनमा खेती गरेर जीवन धान्नै नसकेपछि उनको परिवार यहाँ बस्न थालेको हो । गुजारा चलाउन उनी फुटपाथमा बदाम, पानी बेच्थिन् । अहिले मकै पोलेर बेच्छिन् । बदाम बेचिरहँदा काठमाडौं महानगरको प्रहरीले डालै टपक्क टिपेर लगेको घटना उनको स्मृतिमा अझै ताजै छ । उनी भन्छिन्, ‘हामी रहरले यहाँ बसेको होइन । राम्रो विकल्प हुन्छ भने बस्ती छोड्न तयार छौं । युवा प्रधानमन्त्रीले केही गर्लान् कि भन्ने आशा छ ।’

डम्बर प्रजा धादिङबाट बल्खुमा बस्न थालेको १९ वर्ष पूरा भयो । धादिङमा भएको पाखो जमिनमा उब्जनी नहुने र भएको खेतीले दुई छाक टार्न गाह्रो भएपछि उनी काठमाडौं हानिएका थिए । ‘थोरै जमिन थियो । दुई डोको मकै, दुई पाथी कोदो फल्न पनि मुस्किल भयो । त्यसपछि काठमाडौं आएको थिएँ,’ उनले भने । दुई छोरा र एक छोरी थापाथलीमै हुर्किए । उनलाई जीवनको उत्तरार्द्धतिर सुकुमवासी बस्तीमा समस्या नआओस् भन्ने लाग्छ । त्यसैले, यो सरकारप्रति उनलाई शंकाभन्दा धेरै विश्वास छ । ‘युवाले केही पक्कै गर्छन् । मलाई त विश्वास छ ।’ सुकुमवासी व्यवस्थापन गर्दा ज्याला मजदुरी गर्न पाइने ठाउँमा सारिदिए आफूहरूलाई ठुलो राहत हुने उनको बुझाइ छ । उनी भन्छन्, ‘केही होला कि भनेर धेरैवटा आन्दोलनमा गएँ । अब फेरि आन्दोलन गर्न नपरोस् ।’

ठुलीमाया थापा पनि थापाथली नदी किनारमा बस्न थालेको दुई दशक पुग्यो । उनलाई कसैको डरविना बस्तीमा बस्न पाइओस् भन्ने लाग्छ । उनी बसेको बस्तीमा ५२ जिल्लाका एक सय ४२ घरधुरी छन् । यी घरधुरीले साढे तीन वर्षअघि महानगर प्रहरीसँगको धकेलाधकेल भुलेको छैन । ज्यानभन्दा प्यारो बस्ती जोगाउन रातभर पहरा दिएको क्षण पनि बिर्सेको छैन । उनीहरू अहिले बालेन सरकारप्रति आशाको नजरले हेरिरहेका छन् ।

सिनामंगल गैरीगाउँ बस्ने भगवती अधिकारी अहिलेको सरकारबाट धेरै आशा राख्दिनन् । ‘अलिअलि डर छ । केही आशा पनि छ,’ उनी भन्छिन्, ‘तत्कालीन महानगरको मेयर हुँदा उनले कसैलाई सहायता गर्ने क्रममा गल्ती भएको हो । त्यो उनको आफ्नै पहल नभएर समितिलाई सहयोग गर्ने नाममा भएको हो ।’ झापा ५ का लागि बालेनको घोषणापत्र र रास्वपाको वाचापत्रअनुसार काम गरे आशा गर्ने ठाउँ रहेको उनी बताउँछिन् । उनी भन्छिन्, ‘व्यवस्थित तरिकाले लगत संकलन गरी भूमिहीन सुकुमवासीको व्यवस्थापन यो सरकारले गर्छ कि भन्ने आशा पनि छ ।’

संशयमा सुकुमवासी

त्रिपुरेश्वर वंशीघाटकी ललिता तामाङ भने अहिलेको सरकारसँग धेरै आशा नलागेको बताउँछिन् । उनी भन्छिन्, ‘के अपेक्षा गर्नु खोइ ? केही गर्लान् जस्तो लाग्दैन । हामी त्रासमै छौं ।’ उनी सरकारले लगत संकलन गरेर मापदण्डअनुसार भूमिहीन सुकुमवासीको व्यवस्थापन गर्नुपर्ने बताउँछिन् ।

२०७९ कात्तिक २४ गते अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले सूचना निकाल्दै थापाथली किनारमा रहेका अव्यवस्थित बस्ती १० दिनभित्र हटाउन निर्देशन दियो । निर्धारित समयभित्र बस्ती खाली नगराइए बल प्रयोग गरेर पनि हटाइने सूचना जारी भएको थियो । समयसीमा नाघेपछि समितिले महानगरसँग समन्वय गरेर बस्तीमा डोजर लगेको थियो । डोजर प्रवेशपछि बस्ती प्रतिकारमा उत्रिएको थियो ।

भूमिहीन सुकुमवासी व्यवस्थापनको नाममा सीधै डोजर लिएर आए फेरि पनि आन्दोलनमा उत्रिने भन्छिन्, भगवती अधिकारी । ‘यदि बस्तीमा जो मान्छे जसरी बसिरहेका छन्, तिनलाई पहिला उठाउने अनि मात्र व्यवस्थापन गर्ने भन्ने उल्टो योजना बन्यो भने यो सरकारका लागि घातक हुनेछ,’ उनले भनिन् । भूमिहीन सुकुमवासीको व्यवस्थापनको विषयलाई भूमि नीतिले स्पष्ट रूपमा भनेको भूमिहीन दलित र सुकुमवासीलाई पहिलो प्राथमिकतामा राखेर व्यक्तिलाई पुर्जा वितरण, व्यवस्थापन भइसकेपछि अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्दा बस्तीसँग सहकार्य गरेर अगाडि बढ्न ठिक हुने उनी बताउँछिन् ।

२० वर्षदेखि थापाथलीको सुकुमवासी बस्तीमै बसेर भूमिहीन सुकुमवासीको अधिकारका लागि लड्दै आएका गोपाल पौडेलले बालेन निर्वाचनमा भाग लिँदै छन् भन्ने कुराले नै बस्तीमा त्रास सिर्जना भएको सम्झिन्छन् । ‘बालेन चुनावमा उठे भन्ने सुन्नेबित्तिकै बस्ती त्रसित भएको थियो । अब यहाँ बस्न पाइँदैन भन्ने परेको थियो,’ उनी भन्छन्, ‘रवि लामिछानेले सुकुमवासी बस्तीमा डोजर चलाउन होइन, व्यवस्थापन गर्न बालेन आएको भनेपछि राहत मिलेको थियो ।’

प्रधानमन्त्री बालेन नहुँदै पनि गत महिना सिफलमा दुई घरमा डोजर चल्यो । त्यसको हप्ता दिनपछि बसुन्धारामा केही सुकुमवासीको घर भत्किएको उदाहरण दिँदै पौडेलले अबको सरकारले पनि यही कामलाई निरन्तरता दिए सास रहेसम्म लडिरहने बताए । थापाथलीको बस्तीमा डोजर बालेन आफैंले नल्याएको भन्दै अझै केही आशा गर्ने ठाउँ रहेको उनी बताउँछन् । ‘त्यतिवेला बालेनलाई मोहरा बनाइएको थियो । थापाथली बस्तीमा डोजर लगाउने बालेनको एक्लो निर्णय थिएन । समितिको मुख्य भूमिका थियो । हामीले प्रतिकार पनि गर्‍यौं,’ उनले भने । कुनै पनि विकल्प नभएपछि मानिसहरू सुकुमवासी भएको भन्दै बलियो सरकारले कानुनमा टेकेर बस्ती व्यवस्थापन गर्न उनी आग्रह गर्छन् । ‘आफ्नो थातथलोमा जिविकोपार्जन नहुने भएर नै मानिसहरू यहाँसम्म आइपुगेका हुन् । यहाँ बस्नेका अनेकौं पीडा छन्,’ उनी भन्छन्, ‘रोग पहिला यहीं आइपुग्छ । बर्सेनि बाढीले बगाउँछ । सरकारको त्यत्तिकै त्रास छ । अन्त विकल्प नभएपै यहाँ लाचार भएर बस्नुपरेको हो । सरकारले यो मर्म बुझ्नुपर्छ ।’

भूमिहीन सुकुमवासीका लागि भनेर नागार्जुन नगरपालिकामा बनेको अपार्टमेन्ट बस्नलायक नभएको कुरालाई समितिले नै स्वीकार गरिसकेकाले अबको सरकारले व्यवस्थापनका नाममा अव्यावहारिक काम गर्न नहुने उनको बुझाइ छ । सरकारको शासकीय सुधारका एक सय कार्यसूचीमा भूमिहीन सुकुमवासीसम्बन्धी विषय पनि समेटिएको देख्दा खुसी लागेको उनी बताउँछन् ।

सूचीको ९१औं बुँदामा देशभरका भूमिहीन सकुम्बासी तथा अव्यवस्थित बसोवासीको डिजिटल लगत संकलन तथा प्रमाणीकरण ६० दिनभित्र सम्पन्न गर्ने उल्लेख छ । भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोवासी समस्या एक हजार दिनभित्र समाधान गर्न स्थानीय तहको समन्वयमा घरपरिवार सर्वेक्षण सञ्चालन गर्ने, वास्तविक लाभग्राही पहिचानका लागि स्पष्ट मापदण्ड (कट-अफ मिति, आयस्तर, अन्य सम्पत्ति स्वामित्व) लागू गर्नेसमेत बुँदामा समावेश छ । यसैगरी, पहिचान भएका वास्तविक सुकुमवासीलाई चरणबद्ध रूपमा जग्गा उपलब्ध गराउने वा घना सहरी क्षेत्रमा वैकल्पिक रूपमा एकीकृत आवासमार्फत पुनर्वासको व्यवस्था मिलाउनेसमेत बुँदामा उल्लेख छ ।

सरकारले कार्यसूचीमा महत्त्वपूर्ण कुरा समावेश गरे पनि संघीय मामिला तथा सामान्य प्रशासन, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका लागि एकजना मात्र मन्त्री नियुक्त भएका छन् । यसले प्रधानमन्त्री बालेन झापा-५ का भूमिहीन सुकुमवासीको समस्या समाधानमा मात्र केन्द्रित हुने हो कि भन्ने संशय सरोकारवालाको छ ।

असफल भूमि आयोग

भूमि समस्या समाधान आयोगको हालसम्मको तथ्यांकअनुसार देशभर ९६ हजार २१९ भूमिहीन दलित परिवार, एक लाख ७५ हजार ८९४ भूमिहीन सुकुमवासी र नौ लाख १२ हजार ६५२ अव्यवस्थित बसोवासी छन् । यी तीन प्रकारका भूमिहीन तथा अव्यवस्थित बसोवासीको कुल परिवार संख्या ११ लाख ८४ हजार ७६५ हुन्छ । यो वडा, पालिका हुँदै जिल्ला तहमा आएको निवेदनका आधारमा आयोगमा गत माघसम्म अद्यावधिक भएको तथ्यांक हो ।

०४६ को आन्दोलनपछि अहिलेसम्म ३६ वर्षमा पटक-पटक नाम फेर्दै डेढ दर्जन भूमि आयोग, कार्यदल र समिति पनि बनाइए । आयोगमा २१ अध्यक्षसहित २३ सय कर्मचारीको राजनीतिक भर्ती भयो । तर, भूमिहीनका समस्या ज्युँकात्युँ छन्, झन्डै १२ लाख परिवार अझै भूमिहीन छन् । खर्च घटाउने भन्दै अघिल्लो सरकारले आयोग खारेजको निर्णय गर्‍यो । सरकारको यो निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन परेपछि निर्णय बदर भयो ।

■ विश्लेषक
झलक सुवेदी भन्छन्-



बालेन पहिले महानगरको मध्यम वर्गका नेता थिए । मध्यम वर्गलाई क्लिन र ब्युटिफुल सिटी चाहिएको थियो । उनले सोहीअनुसार काम गरे । अहिले उनी देशभरका अरू जिल्लाका पनि सुकुमवासीको प्रधानमन्त्री हुन् । सरकारले सुकुमवासी समस्या समाधान गर्न चाह्यो भने दुई-तीन वर्षमा परिणाम निस्कने गरी काम गर्न सक्छ ।

बालेन नेतृत्वको सरकार साढे तीन वर्षअघिको जस्तो धम्कीपूर्ण अवस्थामा उत्रन सक्ने सम्भावना नरहेको विश्लेषक झलक सुवेदीको बुझाइ छ । ‘पहिले बालेन महानगरको मध्यम वर्गका नेता थिए । मध्यम वर्गलाई क्लिन सिटी, ब्युटिफुल सिटी चाहिएको थियो । उनले सोहीअनुसार काम गरे । अहिले उनी देशभरका अरू जिल्लाका सुकुमवासीको पनि प्रधानमन्त्री हुन् । पहिलाको जस्तो धाकधम्कीपूर्ण ढंगले सुकुमवासीमाथि उत्रने सम्भावना देख्दिनँ,’ उनी भन्छन् । करिब दुईतिहाइको बलियो सरकार भएकाले बोलेन नेतृत्वले चाहेमा सुकुमवासी व्यवस्थापन सजिलै गर्न सक्ने उनको तर्क छ । ‘अहिलेसम्म दुईतिहाइको सरकार नभएकाले सुकुमवासी समस्या समाधानमा राजनीति द्वन्द्वले काम गरिरहेको थियो । अब त्यस्तो राजनीतिक द्वन्द्व कम हुने र सरकारले आफ्नो निर्णय कार्यान्वयन गराउन सक्ने अनुकूलता छ,’ उनी भन्छन्, ‘यदि सरकारले सुकुमवासी समस्या समाधान गर्न चाह्यो भने दुई-तीन वर्षमा परिणाम निस्कने गरी काम गर्न सक्छ । देशभरका सुकुमवासी समस्या समाधान गर्न सम्भव छ ।’ उनी सहरी क्षेत्रमा भएका सुकुमवासी समस्या भनेको जग्गाको नभई आवासको समस्या भएकाले सहरी क्षेत्रका सुकुमवासीलाई ग्रामीण सुकुमवासीलाई जस्तो घडेरी बाँडेर समस्या समाधान नहुने बताउँछन् ।

मानवशास्त्री सुरेश ढकाल बालेनको भूमिका र वाचासमेत फेरिएकाले सुकुमवासी समस्या समाधानका लागि आशा गर्ने ठाउँ भएको बताउँछन् । ‘बालेन हिजो मेयर हुँदा सहरको बाहिरी सुन्दरतामा धेरै ध्यान थियो । प्रधानमन्त्री भएपछि फरक भूमिका हुने भयो । फरक प्राथमिकता हुने भयो । हिजो सुकुमवासी बस्तीमा डोजर लगाए । भोलि पनि डोजर नै लैजाला भन्ने नहोला । आफैंले सुकुमवासी समाधानका लागि काम गर्ने भनेकाले संवेदनशील होलान् भन्ने आशा गरौं,’ उनले भने ।

बालेनले आफ्नो निर्वाचन क्षेत्र झापा-५ केन्द्रित भएर सार्वजनिक गरेको वाचापत्रमा लेखिएको छ, ‘झापा ५ का भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोवासको समस्यालाई न्यायोचित र दिगो समाधान गर्न रास्वपा सरकार गठन भएको सय दिनमा आयोग र एक हजार दिनमा समाधान नीति अवलम्बन गरी आयोगमार्फत समयसीमाभित्र कार्य सम्पन्न गरिनेछ ।’

मानवशास्त्री ढकाल अहिलेको बलियो सरकारलाई पहिलेजस्तो एक-अर्कामा दोषारोपण गर्ने छुट नभएकाले काम गर्न सक्ने सम्भावना रहेको बताउँछन् । ‘अहिलेको सरकार ठुलो वाचा गरेर आएको छ । उसको प्राथमिकतामा यो विषय पर्छ कि पर्दैन भन्ने कुराले ठुलो अर्थ राख्छ,’ उनी भन्छन्, ‘चुनावका क्रममा बालेनले झापाका सुकुमवासीलाई जुन कुरा भनेका छन्, यो विषय बिर्सिनुनपर्ने हो । हिजो पनि सकुम्बासी समस्या थियो । अरूले काम गर्न दिएन, त्यसैले गर्न सकिएन भन्ने हुन्थ्यो । अहिले सबै आफ्नै शक्ति हुँदा गर्लान् कि, हेर्ने बाँकी छ ।’

भूमिहीन सुकुमवासी समस्या समाधान जटिल विषय नै भएकाले यसका लागि जुन रूपमा कोसिस गर्नुपर्थ्यो, त्यो काम हुन नसकेकाले नै समस्या ज्युँकात्युँ रहेको उनी बताउँछन् । उनले भने, ‘भूमिहीन सुकुमवासी व्यवस्थापन जटिल विषय हो । राज्यले जुन खालको स्रोत र साधन दिएर छानबिन गर्नुपर्ने थियो, त्यो काम हुन सकेन । ठुलो इफोर्ट नभएर नै यो समस्या समाधान हुन नसकेको हो । अहिले सरकारले के गर्ला, हेर्ने बाँकी छ ।’

हेर्नुपर्ने सिरिज 'ब्ल्याक मिरर'



फिल्म अनुभूति



● राजु स्याङ्तान

'ब्ल्याक मिरर'ले हामीलाई एउटा 'डिस्टोपियन सोसाइटी'को चित्र देखाइदिन्छ। फिल्म हेर्दा लाग्छ, यस्तो पनि हुन्छ र ? तर, गहिरो गरी महसुस गर्दा लाग्छ, हामी यस्तै जिन्दगी भोग्न अभिशप्त हुँदै गइरहेका छौं।

पहिले जंगलमा मान्छे हराएको घटना खुब सुन्थ्यौं। हामी पनि हराएका छौं कहिलेकाहीं। अहिले पनि यदाकदा जंगलमा हराएको घटना सुन्छौं। तर, अचेल हामी प्रकृतिको सुन्दर जंगलमा भन्दा आफैंले निर्माण गरेको इन्टरनेटको जन्जालमा हराउँछौं। जन्जालमा हराउने क्रममा हामीमध्ये कोही राम्रै स्थानमा पुग्छन्, कोही जीवनभर भड्किरहन्छन्।

हराउने क्रममा 'नेटफ्लिक्स'को जन्जालमा पुगियो। ब्रिटिस टेलिभिजन सिरिज 'ब्ल्याक मिरर'मा पुगेर आँखा रोकियो। सिजन १ देखि ७ सम्म त्यसले तानिरह्यो। चार्ली ब्रुकर, जेसी आर्मस्ट्रङ र विलियम ब्रिजलगायत लेखकको टिमले लेखेको सिरिज टोबी हेन्स, ओवेन ह्यारिस, कार्ल टिबेट्स, जेम्स हजलगायत निर्देशकको टिमले निर्देशन गरेका रहेछन्। सात सिजनमा बाँडिएको 'ब्ल्याक मिरर' भित्र ३३ वटा अलग-अलग फिल्म छन्। हरेक फिल्ममा अलग-अलग कलाकारको अभिनय हेर्न पाइन्छ। साइन्स फिक्सन जनराका प्रायः फिल्म प्रविधि र मानवीय सम्बन्धसँग सम्बन्धित छन्। तीमध्ये तीन फिल्मको उदारहण हेरौं-

१. ह्वाइट बियर

मुख्य पात्र भिक्टोरिया सुतिरहेको ठाउँबाट उठ्छे। मोबाइल, टिभी, कम्प्युटरमा एउटा साइन देखेपछि सबै थोक बिर्सने हुन्छ। भिक्टोरियाले आफ्नो नाम, परिवार सबै बिर्सिन्छे। आफूलाई के भएको हो अत्तोपत्तो नभएपछि सहारा खोज्दै ऊ घरबाट बाहिर निस्किन्छे। एकजना नकावधारीले उसलाई गोली हानेर मार्न खोज्छ। वरिपरिका मानिसहरू घरको भ्यालबाट मोबाइलमा भिडियो खिचिरहन्छन्। भिक्टोरिया सहारा खोज्दै चिच्याइरहन्छे, तड्पिरहन्छे। तर, कसैले पनि सहयोग गर्दैन, तमासा हेर्दै हाँसिरहन्छ। उसलाई बचाउन एकजना व्यक्ति आइपुग्छ। तर, उसले रेस्क्यु गरेजस्तो गर्दै एउटा भव्य स्टेजमा पुऱ्याउँछ, जहाँ तमासेहरू टिकट काटेर ऊ तड्पिएको हेर्न पर्खिरहेका हुन्छन्। उसलाई झुटो हत्याको आरोप लगाएर स्लिपिङ ट्याब्लेट खुवाउँदै थुनेर राखिएको हुन्छ। 'ह्वाइट बियर जस्टिस पार्क' नाम दिएर भिक्टोरियालाई प्रदर्शनीमा राखिन्छ। ऊ तड्पिएको हेर्न दर्शक टिकट काटेर पार्कभित्र पस्छन्। नियम हुन्छ- थुनिएको व्यक्तिसँग कुरा गर्न नपाइने, दूरी राख्नुपर्ने, तड्पिएको हेरेर मजा जति पनि लिन पाइने, फोटो भिडियो खिच्न पाइने।

यो फिल्मलाई धेरै दृष्टिबाट बुझ्न सकिन्छ। यसले अमानवीयताको यात्रामा हिँडिरहेको मानव सभ्यतालाई प्रश्न गरेको छ। आलोचनात्मक यथार्थवादी फिल्म भन्न मिल्ने 'ह्वाइट बियर'बाट दुनियाँ कति क्रूर हुँदै गएको छ, मानिसभित्र मानवता कसरी ह्रास हुँदै गइरहेको छ भन्ने प्रश्न उठाइएको छ।

२. स्ट्रिकिङ भाइपर्स

दुईजना अन्त्यन्तै मिल्ने साथी हुन्छन्- कार्ल र डेनी। डेनीको बिहे भइसकेको हुन्छ। कार्लको भर्खरै ब्रेकअप भएको हुन्छ। कार्ल र डेनी पहिला 'स्ट्रिकिङ भाइपर्स' भन्ने भिडियो गेम सँगै खुब खेल्थे। ३८औं जन्मदिनको दिन कार्ल स्ट्रिकिङ भाइपर्सको एड्भान्स भर्सन लिएर वर्षौंपछि आइपुग्छ। कार्लले पहिले खेल्ने गेम फेरि एकपटक खेलौं भनेर जिद्धि गर्छ। गेमभित्र डेनी केटा र कार्ल केटी बनेर खेल्न थाल्छन्। गेमकै दुनियाँमा डेटिङ बस्न थाल्छन्। दुईजना गेमभित्रै शारीरिक सम्पर्कसम्म पुग्छन्। यता वास्तविक दुनियाँमा डेनीको श्रीमतीसँग खटपट सुरु हुन्छ। श्रीमतीले शंका गर्न थाल्छे। कार्लले भिडियो गेम खेलौं भनेर जिद्दि गरिरहन्छ। डेनीले बेवास्ता गरिरहन्छ र टाढिने कोसिस गर्छ। तर, डेनीको जन्मदिनमा श्रीमतीले कार्ललाई बोलाउँछे। कार्ल भिडियो गेम खेल्ने साथी नपाएर तड्पिरहेको हुन्छ। डेनीसँग खेल्न मात्रै मजा आउने भनिरहन्छ। डेनीले एउटा सुनसान ठाउँमा भेटेर भन्छ, 'हामी समलिंगी हौं ? केही फिलिङ आउँछ कि आउँदैन किस गरेर हेरौं।' किस गर्छन्। दुवैलाई कुनै फिलिंग्स आउँदैन। त्यसपछि दुईजना जुध्न थाल्छन्। पुलिसले समाएर लैजान्छ। श्रीमतीले डेनीलाई पुलिस चौकीबाट छुटाउँछे। श्रीमान्ले अलग हाउभाउ गर्नुको कारण थाहा पाउँछे। त्यसपछि दुईजना छुट्टिन्छन्। श्रीमती अर्कैसँग डेटिङमा जान्छे। डेनी कार्लसँग फेरि भिडियो गेमको दुनियाँमा पस्छ।

प्रविधिले परिवार ध्वस्त बनाइरहेको कथा हो यो। चलचित्रले सामाजिक विग्रहलाई कटाक्ष गरेको छ। प्रविधिले मानिसको सामाजिक, आत्मिक सम्बन्ध कति खोत्रो बनाइरहेको छ भन्ने बुझ्न 'स्ट्रिकिङ भाइपर्स' उपयोगी लाग्यो।

२. कमन पिपल

माइक एक कम्पनीमा काम गर्छ। उनकी श्रीमती अमान्डा स्कुल पढाउँछे। पढाउँदा-पढाउँदै श्रीमती ढल्छे। उसको मस्तिष्कमा ट्युमर हुन्छ। न्युरोलजिक क्रान्ति भन्दै डाक्टरले ट्युमर निकालेर चिप्स राखिदिन्छ। त्यो चिप्स सिमकार्डजस्तो रिचार्ज गरिरहनुपर्ने हुन्छ। नेटवर्क नटिप्ने ठाउँमा पुग्दा मान्छे बेहोस हुन्छ। अब यो जोडीको जीवन त्यो चिप्स फिट गरिदिने कम्पनीको हातमा हुन्छ। चिप्स इन्टरनेटको डेटाजस्तो हुन्छ, जति थप्यो मान्छे त्यति फुर्तिलो हुने। चिप्सवाला कम्पनीले अफरका अफर दिँदै जान्छ, जति बढी डेटा, श्रीमती उति खुसी हुने। माइक मानव मेसिनजस्तो बनेर काम गरिरहन्छ। चिप्स रिचार्ज नगर्दा श्रीमती सिथिल हुँदै जान्छे। श्रीमती बचाउने ध्याउन्नमा लाग्दालाग्दै पैसाको लोभमा ऊ एउटा भिडियो च्यालेन्जमा गई नांगिन्छ। नांगिएको भिडियो सामाजिक सञ्जालमा छाएपछि उसले जागिर छोड्छ। अब श्रीमतीको चिप्सको पैसा कसरी तिर्ने ? उसको अगाडि चुनौती खडा हुन्छ। श्रीमती गर्भवती हुन चाहन्छे, तर कम्पनीवालाले भन्छ, 'यसको डबल पैसा लाग्छ। किनकि गर्भवतीको कारण दिमागमा बदलाव आउँछ र चिप्सले काम गर्न सक्दैन। त्यसैले पैसा थप्नुपर्छ।' श्रीमती बचाउन घरको दराज, टेबल, टिभी सबै बेच्छ। चिप्स अपडेट नभएर श्रीमती सिथिल हुँदै जान्छे। एनिभर्सरीको दिन माइकले १२ घण्टाका लागि स्फुर्ति दिने डेटा अपडेट गर्छ। दुवैजना कतै टाढा घुम्न जान्छन्। १२ घण्टा बित्न केही सेकेन्ड बाँकी हुँदा उसले श्रीमतीको घाँटी थिचेर हत्या गर्छ र आफू पनि आत्महत्या गर्छ।

यो फिल्म हेरिरहँदा कुनै सहकारी वा बैंकको लोन तिरिरहेको दृश्य दिमागमा घुम्छ। प्रतीकात्मक रूपमा बनाइएको यो फिल्मले मेसिनीकरण हुँदै गएको हाम्रो जीवनलाई मज्जाले चित्रण गरेको छ। लघुवित्त, बिमा कम्पनी, बैंक, सहकारीमा ऋण तिरिरहन विवश हामीलाई यो फिल्मले झस्काउँछ। एउटा प्रश्न अघिल्तिर तेर्सिन्छ, के हामी यस्तै भइरहेका त छैनौं ?

०००

यी तीनवटै फिल्म लेख्ने लेखक हुन्, चार्ली ब्रुकर। 'नेटफ्लिक्स'का लागि 'ब्ल्याक मिरर'को कार्यकारी निर्माता रहेका उनलाई बेलायतमा वामपन्थी झुकाव भएका लेखकका रूपमा चिनिँदारहेछन्। 'ब्ल्याक मिरर'ले हामीलाई एउटा 'डिस्टोपियन सोसाइटी'को चित्र देखाइदिन्छ। फिल्म हेर्दा लाग्छ, यस्तो पनि हुन्छ र ? तर, गहिरो गरी महसुस गर्दा लाग्छ, हामी यस्तै जिन्दगी भोग्न अभिशप्त हुँदै गइरहेका छौं।

'ब्ल्याक मिरर' सिरिजका सम्पूर्ण फिल्म प्रविधिले मानवतामा ल्याएको विखण्डनमा केन्द्रित छ। आधुनिकता, उत्तर-आधुनिकताको नाममा मानवता निर्घिँदै गएको दुनियाँलाई फिल्मले झस्काउने गरी झपाड हानेको छ। हाँस्यव्यंग्य, टप्परटुइयाँ र अर्धज्ञान मात्रै छताछुल्ल भइरहेको हाम्रो समाजमा पनि यस्तै झस्काउने सिरिजहरू बनाउन पाए !



बादी समुदायबाट देशको उपल्लो तहमा पुग्ने सीता पहिलो व्यक्ति हुन्। समुदायले पहिलो मन्त्री पाउँदा अगुवा उमादेवी बादीलाई जति खुसी अरु कसलाई लागेको होला र !

उमादेवी बादी भन्छिन्-

मन्त्री सीता बादीलाई भेटेर धेरै कुरा भन्नु छ

बादी समुदायले आफ्नो **शिर उँचो बनाएर** '**म बादी हुँ**' भनेर गर्व गर्न सक्ने दिन आओस्।

● शान्ति तामाङ

करिब दुई दशकअघिको बादी आन्दोलनको क्रममा सेतो ब्लाउज र पेटिकोट लगाएकी एक बादी महिला सिंहदरबार छिर्न गेट चढेको घटनाले राजनीतिक क्षेत्रमा तरंग ल्यायो। अर्धनग्न अवस्थामै सिंहदरबार चढ्ने साहसबारे देश हुँदै विदेशसम्म चर्चा चल्यो। त्यो गेट चढ्ने साहस जुटाएकी थिइन्, बादी आन्दोलनकी अगुवा उमादेवी बादीले।

०५५ सालमा बादी समुदायको हकहित र अधिकार प्राप्तिका लागि समुदाय सहयोग समिति (सिएसजी) स्थापना भयो। त्यसको नेतृत्व उमादेवीले गरिन्। समितिमार्फत उनको टोलीले बादी समुदायको हकहितका लागि स्थानीयदेखि राष्ट्रियस्तरसम्म विभिन्न काम गरे। ०६२/०६३ को दोस्रो जनआन्दोलनपछि देशमा गणतन्त्र आयो। राजतन्त्रको अन्त्य भयो। देशमा परिवर्तनको आशालाग्दा परिदृश्य देखिए। तर, फेरिएको व्यवस्थाले बादी समुदायको अवस्थामा तात्त्विक भिन्नता ल्याउन सकेन। उनीहरूका लागि गणतन्त्रअघि र पछिको समय उस्तै रह्यो। मेरो घर खोइ ? मेरो नागरिकता खोइ ? जस्ता प्रश्न यथावत् नै भए। छोरीहरूको सपनाको मूल्य थिएन। भावनाको कुनै अस्तित्व थिएन। केही बादी महिला बाध्यात्मक यौनकर्ममा धकेलिनुपर्ने अवस्थाको अन्त्य भएन।

अभाव, उत्पीडन र विभेदमा परेका बादी समुदायले मुक्तिका लागि आवाज उठायो। त्यही आवाज जिल्ला हुँदै ०६४ साउनमा काठमाडौंकेन्द्रित भयो। आन्दोलनमा बादी समुदाय अर्धनग्न अवस्थामै सडकमा उत्रिए। उनीहरूले तत्कालीन सरकारसमक्ष आमाको नामबाट जन्मदर्ता र नागरिकता, स्थायी बसोवास, यौनपेसाको अन्त्य, निःशुल्क शिक्षा, छुवाछुतको अन्त्यलगायत माग राखेका थिए। आफ्ना माग राख्दै उनीहरूले सडक आन्दोलन गरिनै रहे। बादी समुदायको मागबारे सरकार अनभिज्ञ बनिरह्यो।

त्यही आक्रोशस्वरूप बादी अगुवाले जबर्जस्ती सिंहदरबार प्रवेश गर्ने प्रयास गरेका थिए। त्यही क्रममा राज्यलाई आफ्ना आवाज सुनाउन उमादेवी सिंहदरबार गेटमै चढेकी थिइन्। यही दृश्यपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला सरकारको ध्यानाकर्षण भयो। बादी समुदायको लगातार ४८ दिनसम्मको आन्दोलनपछि बल्ल वार्ताका लागि उनको टोलीलाई बोलायो।

बादी समुदायले राखेका जायज मागको सम्बोधन गर्न ०६४ असोज १५ मा राष्ट्रिय बादी संघर्ष समिति र सरकारी वार्ता टोलीबिच दुईबुँदे सहमति भयो। बादी समुदायका बालबालिकाको भरणपोषणसहितको उच्च शिक्षाको ग्यारेन्टी गर्ने र बादी समुदायको निःशुल्क औषधी-उपचारसहित पुनर्स्थापना गर्ने बुँदामा सहमति भएपछि आन्दोलन टुंगियो। सहमति भयो। तर, कार्यान्वयन पक्ष भने निराशाजनक रह्यो।

त्यसको एक दशकपछि बादी समुदायले फेरि आन्दोलन गऱ्यो। यो आन्दोलन अब देशको राजधानी नभई कर्णालीमा केन्द्रित थियो। बादी समुदायको हक-अधिकार सुनिश्चितताका लागि संघर्षशील बादी संघर्ष समितिले ०७७ फागुन ९ गतेदेखि २६ गतेसम्म आन्दोलन

साप्ताहिक राशिफल

२८ चैत ०८२ (शनिबार)
५ वैशाख ०८३ (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो. : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको प्रारम्भमा सेयर कारोबारमा लगानी गर्दा पछि फाइदा हुने योग रहेको छ। आर्थिक र व्यावसायिक समस्या समाधान हुनेछन्। आम्दानी बढ्नाले जीवनशैलीमा सुधार ल्याउन सकिनेछ। साताको अन्त्यमा महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ। यात्रामा सावधानी पनि अपनाउनुपर्नेछ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ। मुद्दामामिलामा विजयीको योग रहेको छ। मित्रजनबाट साथ-सहयोग मिल्नुका साथै नयाँ कार्यको थालनी हुनेछ। सप्ताहान्तमा नयाँ सवारीसाधन खरिद-बिक्रीबाट लाभ मिल्नेछ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

साताको प्रारम्भमा व्यावसायिक यात्राको सम्भावना रहेको छ। वैदेशिक यात्रामा गरिएको लगानीबाट हानि नोक्सानीको योग रहेको छ। सप्ताहान्तमा भाग्यले साथ दिनेछ। सहयोगीहरू जुट्नाले नाम, दाम र इनाम हात पार्न सफल भइनेछ। नयाँ मित्रताबाट भरपूर साथ मिल्नेछ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

राजनीतिक कार्यमा सफलता मिल्नेछ। महिला वा मित्रबाट विशेष सहयोग पनि मिल्नेछ। साताको मध्यमा दबाब र तनाव बढेको महसुस हुनेछ। सोचेअनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। सप्ताहान्तमा कामको सन्दर्भमा रमाइलो यात्रा र अतिरिक्त आम्दानी हुनेछ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

नयाँ सवारीसाधन जोड्ने योग रहेको छ। लगनशीलताले नाम, दाम र इनाम दिलाउन सक्छ। मन मिल्ने साथी भेटिनुका साथै प्रेमको बन्धन कसिने सम्भावना छ। साताको अन्त्यमा महत्त्वपूर्ण जिम्मेवारी प्राप्तिको योग रहेको छ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

अरूलाई प्रभावित पारेर काम बन्नेछन्। व्यापार व्यवसायबाट विशेष फाइदा हुनेछ। शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ। पारिवारिक भेटघाटको समय छ। प्रतिस्पर्धीसमेत सहयोगीका रूपमा देखापर्नेछन्। विभिन्न भौतिक साधन जुट्नेछन्।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

अनावश्यक झमेलाबाट बचेर काम गर्नुपर्नेछ। वैदेशिक सहयोग मिल्नुका साथै सफल यात्राको योग रहेकाले सोचेअनुसार फाइदा पुग्नेछ। सप्ताहान्तमा विद्यार्थीहरूका लागि सुखद समाचार आउला। शैक्षिक यात्राको प्रक्रिया अघि बढ्नेछ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। नयाँ कार्यको थालनी हुनेछ। प्रशंसकहरूले साथ दिनेछन्। बिहीबारदेखि अलि जोखिमपूर्ण जिम्मेवारी प्राप्त हुनाले सावधान हुनुपर्ला। महत्त्वपूर्ण सूचना चुहावट हुन सक्ने योग रहेकाले विशेष सावधानी अपनाउनुपर्नेछ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

मनमा हर्ष, उमंग र उत्साह छाउनेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। मन लोभ्याउने पहिरनले अरूको नजर आफूमाथि पार्नेछ। लेनदेन र हिसाबकितामा सावधान नहुँदा बिचमा केही विवाद हुन सक्छ। सप्ताहान्तमा स्थिति अनुकूल हुनाले लक्ष्यमा पुगिनेछ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

शुभ समाचार सुन्न पाइएला। नयाँ कार्यको थालनी हुन सक्छ। राजनीतिक कार्यमा सफलता मिल्नेछ। आम्दानी पनि प्रशस्तै बढ्न सक्छ। सहयोगीहरूले सकेको सहयोग गर्नेछन्। सप्ताहान्तमा स्वास्थ्यमा मौसमी गडबडी देखापर्न सक्छ। सोखले खर्च गराए पनि उद्देश्य पूरा नहुन सक्छ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

योजना कार्यान्वयनमा ढिलाइ गर्नाले आर्थिक पछि परिनेछ। राजनीतिक कार्यमा बाधा आउनेछ। सम्पत्ति हराउने र साँझमा खर्च बढ्न सक्छ। नयाँ ज्ञान प्राप्त हुने योग छ। सप्ताहान्तमा आगन्तुकले अलमल्याउने हुँदा चिताएको काममा पनि बाधा पुग्न सक्छ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

प्रशस्त धनार्जन गर्ने अवसर पाउनुहुनेछ। उठ्नुपर्ने रकम हातलागी हुने समय छ। अवसरका लागि चुनौतीसँग लड्नुपर्ने देखिन्छ। बिहीबारदेखि श्रम र व्यवसायबाट मनग्य आम्दानी हुनेछ। तर, सप्ताहान्तमा पछिका लागि खर्च पनि गर्नुपर्ला।

चर्चा




● हरिशरण खनाल

के एउटा मान्छेको कथा अर्को मान्छेको आरोग्यमार्ग हुन सक्छ ?

डा. नवराज केसीले आफ्नो पुस्तक 'स्वस्पर्श'को प्राक्कथनमा गरेका माथिको प्रश्नको उत्तर पाउन एकपटक यसै पुस्तकका बाँकी पानामा समेटिएका यथार्थ जीवनका कथाव्यथा र तिनका जिउँदाजाग्दा पात्रहरूसित अक्षरहरूमार्फत साक्षात्कार गर्नैपर्छ। पुस्तक पढ्दै गर्दा पुस्तक कम र जीवन बढी पढिरहेको भान हुन्छ। सायद अविरल बगिरहने कञ्चन कर्णाली नदीआसपासका वास्तविक पात्र र तिनका वास्तविक सुख-दुःखका कथाव्यथा र सुस्केराहरू समेटिएकाले पनि त्यस्तो भान भएको हुन सक्छ।

लामो समयदेखि कर्णाली क्षेत्रमा कार्यरत वरिष्ठ बालरोग विशेषज्ञ डा. केसीले यस



उमादेवी ०७४ मा सुदूरपश्चिम प्रदेश सांसद भएको र अहिले सीता बादी मन्त्री नै हुँदा बादी समुदायका महिलालाई हेर्ने अवस्थामा परिवर्तन आउन थालेको उनलाई लागेको छ। 'बादी समुदायको महिला भन्नेबित्तिकै यौनकर्ममा संलग्न छन् भन्ने भाष्य निर्माण भएको थियो। सीता मन्त्री हुँदा यस्ता गलत भाष्यको अन्त्य हुँदै जानेछ भन्ने लागेको छ,' उनी भन्छिन्, 'बादी समुदायले आफ्नो शिर उँचो बनाएर 'म बादी हुँ' भनेर गर्व गर्न सक्ने दिन आओस्।'

बादी समुदायको हक-अधिकारका लागि करिब चार दशकदेखि लागिपरेकी उनले नचिन्ने बादी कमै छन्। उनलाई नचिन्ने बादी पनि सायदै नहोलान्। ०७८ को जनगणनाअनुसार बादी समुदायको जनसंख्या ११ हजार ४७० छ। यसअघि ०६८ मा बादी समुदायको जनसंख्या ३८ हजार ६०३ थियो। तथ्यांकअनुसार १० वर्षको अन्तरालमा बादी समुदायको जनसंख्यामा ठुलो गिरावट आएको देखाएको छ। अध्येता गोपाल नेपाली भन्छन्, 'यो तथ्यांक होइन, मिथ्यांक हो। ०४८ को जनगणनामा बादीको जनसंख्या सात हजार देखायो। २०५८ मा चार हजार र २०६८ मा ३८ हजार देखायो। २०७८ मा आइपुग्दा फेरि ११ हजार देखायो। राज्यले हाम्रो समुदायको मनपरी तथ्यांक घोषणा गरेर हामीमाथि ठुलो अपराध गरिरहेको छ। हामीलाई कमजोर देखाएर समानुपातिक समावेशी व्यवस्थाबाट टाढा राख्न खोजिँदै छ।'

■ सीतालाई सुझाव

बादी समुदायसँग सम्बन्धित विभिन्न कार्यक्रमको अगुवा उमादेवी हुन्थिन्। सीता पनि त्यस्ता धेरै कार्यक्रममा पुग्थिन्। ती कार्यक्रममा कैलालीकी उमादेवी र सुर्खेत झुप्राखोलाकी सीताको भेट हुन्थ्यो। भेटमा व्यक्तिगत कुराकानी नै धेरै हुन्थ्यो। 'उनी पढाइमा लगनशील थिइन्। अरूलाई सम्मानजक व्यवहार गर्थिन्। सभ्य थिइन्,' ती भेटलाई सम्झँदै उमाले भनिन्, 'उनी सामान्य परिवारकी छोरी हुन्। भलै दिनमा एक छाक मात्रै खाइन् होलिन्, मिठो खान सकिनन् होलिन्। तर, सम्मानजनक व्यवहार गर्थिन्।' विभिन्न कार्यक्रममा भेट हुँदै जाने क्रममा वेलाबखत उनीहरूबिच फोनमा पनि कुराकानी हुन्थ्यो। सीतालाई नजिकबाट देखेकी उमादेवीलाई त्यतिबेलै लागेको थियो, 'यो केटीले केही गर्छे।'

आफ्नै छोरीचेली राज्यको नीति-निर्माण तहमा पुगेपछि उमालाई भित्रैदेखि आशा जागेको छ। दुई दशकअघि बादी समुदायले सरकारलाई बुझाएको प्रतिवेदन अक्षरशः पालना होला भन्ने आशा उमालाई लागेको छ। ती प्रतिवेदनअनुसार थोरै मात्रै पनि काम भए बादी समुदायले ठुलो न्यायको महसुस गर्नेछ। सरकारले ०६५ पुस २३ गते बाध्यात्मक यौनकर्ममा धकेलिएका बादी महिलालाई आत्मसम्मानसाथ पुनर्स्थापना गर्ने निर्णय गऱ्यो। तर, अझै केही महिला सोही कर्ममा आबद्ध हुन बाध्य छन्।

'सीताले जिम्मेवारीसहित काम गर्न पाउनुपर्छ,' उमा भन्छिन्, 'हामीले ०६२ सालमै सरकारलाई बुझाएको प्रतिवेदन अक्षरशः कार्यान्वयन गरिने वातावरण सिर्जना गर्ने हो भने बादी समुदायको धेरै समस्या हल हुन्छ। यसमा सीताको चासो हुनेछ भन्ने अपेक्षा छ।'

छुवाछुत र बाध्यात्मक यौनकर्मको अन्त्य, भूमि स्वामित्व, आमाको नामबाट नागरिकतालगायत विषयलाई कडाइसाथ कार्यान्वयन गर्ने विषयमा ध्यान दिन उनले सीतालाई आग्रह गरेकी छिन्। 'आमाको नामबाट नागरिकता पाउने भने पनि स्थानीय सरकारबाट सिफारिस पाउनै गाह्रो छ। जिल्लामा सिडिओले त्यस्तै अप्ठ्यारो पार्छन्,' उनी भन्छिन्, 'बादी समुदायलाई गरिखाने भूमि प्रदान गरिने अवस्था सिर्जना हुनुपर्छ। प्रत्येक घरमा एकजनाका लागि रोजगारी हुनुपऱ्यो। उच्च शिक्षासम्म निःशुल्क गरिदिनुपर्छ। अहिलेलाई यी कुरा कार्यान्वयन हुने हो भने हामीलाई धेरै राहत हुन्थ्यो।'

उमालाई थाहा छ, मन्त्रीको पनि सीमितता हुन्छ। तैपनि, सीताजस्तो समाज बुझेको, पढेको महिलाले चाहेमा यी कुराको पहल हुनेमा उमा आशावादी छिन्। उमा प्रदेश सांसद हुँदा बादी समुदायको महिलालाई बाध्यात्मक यौनकर्मबाट मुक्त गर्न सामाजिक सुरक्षा भत्ताको व्यवस्था गर्न लागिपरेकी थिइन्। विभिन्न कारणवश उक्त काम पूरा गर्न सकिनन्। आफूले सुरुवात गरेको कार्य सीताले पूरा गरिदिने हो भने वर्षौंदेखि उत्पीडनमा परेका बादी समुदायका महिलाले ठुलो राहतको सास फेर्नेछन्। मन्त्री हुनेबित्तिकै सीतासँग कुराकानी भए पनि अरू कुरा हुन पाएन। समुदायका मुद्दा र सुझावका पोको बोकेर केही समयपछि काठमाडौं आउने तयारीमा छिन्, उमा। उनलाई लागेको छ, सीतालाई आफ्नो कुरा सुनाएपछि मन हलुंगो बनाएर फर्किने उनको योजना छ।

दुई हप्ताअघि सफा चटक्क परेको कोट लगाएर, सयपत्री फूलको माला पहिरिएर पदभार सम्हालेको दिन सीताको आँखा रसाएको थियो। पदभार सम्हालेलगत्तै उनले भनेकी थिइन, 'यो पदमा हुन्छु भनेर सोचेकै थिइनँ। मेरो विगत, परिवार सम्झिएर अलि भावुक भएँ। मेरो घर झुप्रा खोला हो। यहाँका महिला दिदी-बहिनीको धेरै समस्या छन्। त्यो समस्यालाई नीतिगत रूपमा वाचापत्रमै रहेर कसरी अगाडि बढाउन सकिन्छ हेरेर काम गर्ने प्रयास गर्नेछु।' सीताले पदभार सम्हालेलगत्तै महिला र बालबालिका हिंसा नियन्त्रणमा काम गर्ने प्रतिबद्धतासमेत गरेकी थिइन्।

बादी समुदाय आज पनि सीमान्तमा जिन्दगी बाँचिरहेका छन्। राज्यले तथ्यांकसमेत सही रूपमा बताइरहेको छैन। उमाहरूको संघर्ष जारी छ। यस्तो परिस्थितिबिच सीता मन्त्री हुँदा बादी बस्तीमा खुसी छाएको छ। यसले उमालाई पनि उत्साहित बनाएको छ। उमा भन्छिन्, 'सीतालाई भेटेर धेरै कुरा भन्नु छ।'



उमादेवी बादी



सीता बादी

गऱ्यो। आवाससहितको खेतीयोग्य जमिन र रोजगारीलगायत माग राखेर उनीहरूले सुर्खेतमा आन्दोलन गरे। ०७७ फागुन २७ गते बादी संघर्ष समिति र प्रदेश सरकारबिच पाँचबुँदे सम्झौता भयो। सम्झौता कार्यान्वयनका लागि पाँच सदस्यीय कार्यदल बन्यो। बादी समुदायलाई सम्भव भए एकै ठाउँमा एकीकृत नमुना बस्ती बनाएर आवाससहित खेतीयोग्य जमिन उपलब्ध गराउने, होइन भने एउटै जिल्लामा एकै ठाउँमा बसोवास गर्ने व्यवस्था मिलाउन कार्यदलले सुझाव दियो।

एकीकृत नमुना बस्तीभित्र आधारभूत सेवा शिक्षा, स्वास्थ्य, खानेपानी र विद्युत्को सुविधा उपलब्ध गराउने, बालबालिकालाई स्थानीय तहबाट संरक्षण केन्द्र स्थापना गरी उनीहरूको शिक्षा र भरणपोषणको व्यवस्था गर्नुपर्नेलगायत सुझाव दियो। ती सुझाव कार्यान्वयन गराउन उमादेवी अझै लागिरहेका छन्।

निरन्तर उनीहरूको आन्दोलनपछि केही सकारात्मक पहल पनि भए। यसको पछिल्लो उदाहरण, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता बादी हुन्। बादी समुदायबाट देशको उपल्लो तहमा पुग्ने सीता पहिलो व्यक्ति हुन्। समुदायले पहिलो मन्त्री पाउँदा उनै अगुवा उमादेवीलाई जति खुसी कसलाई लागेको होला र! बादी समुदायको हक-अधिकार स्थापित गर्न वर्षौंदेखि अहोरात्र लागेकी उनलाई यो क्षणजतिको खुसी अरू लागेको छैन। 'प्रदेशस्तरमा पहिलोपटक म उपल्लो तहमा पुगेको थिएँ। केन्द्रमा सीता बादी उपल्लो तहमा पुगिन्। म एकदमै खुसी छु,' उनी भन्छिन्, 'बादी समुदायको त्यो पनि महिलामन्त्री हुँदा खुसी व्यक्त गर्न सकिरहेको छैन। केन्द्रमा बादी समुदायको प्रतिनिधित्व हुनु भनेको ठुलो कुरा हो।'


बादी समुदायको मुख्य पेसा काठ तथा छालाबाट वाद्यवादनका साधन बनाउनु हो। मादल, बाउँ, तबला, ढोल, डमरु, सारंगी आदि बनाउने, बजाउने, बिक्री गर्ने, माटाका सामग्री बनाउने, साट्ने, माछा मार्ने, टंडिया बनाउने र लोकगीत-संगीत, लोकनृत्य संरक्षण र प्रयोग गर्दै आइरहेको कलाको धनी समुदाय हो, बादी। जीविकोपार्जनका लागि केही महिला बाध्यात्मक यौनकर्ममा समेत धकेलिन बाध्य थिए। हरेक ठाउँमा उनीहरूलाई दोस्रो दर्जाको नागरिकको रूपमा हेरिन्थ्यो। 'आजसम्मै बादी समुदाय नागरिक हो कि होइन भन्ने अवस्था छ। यस्तो अवस्थामा मन्त्री पद नै पाउँदा हामी आशावादी छौं। सीता बादीप्रति विश्वास पनि गरेका छौं। मन्त्री हुनेबित्तिकै सबै कुरा पूरा गर्न सकिन्छ भन्ने होइन, तर हामीले केही आशा गरेका छौं,' उनले भनिन्।

अध्यात्म-योगको अर्थ र महत्त्व

योग



● रामचन्द्र शर्मा



२१ फागुनमा सम्पन्न निर्वाचनबाट दुईतिहाइ नजिकको जनमत हासिल गरेको राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्ना सांसदलाई अभिमुखीकरण तालिम दिने रचनात्मक शैलीको सुरुवात योगबाट गऱ्यो। उक्त पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह प्रधानमन्त्री बनेलगत्तै सयबुँदे सुधार कार्यक्रम घोषणा गर्दै त्रिहत्तरौं नम्बरमा आरोग्य पर्यटन समावेश गरेका छन्। जेन-जी आन्दोलनका क्रममा भएका घटनाका सम्बन्धमा जाँचबुझ गर्न अन्तरिम सरकारबाट गठित कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने पहिलो निर्णय गर्दै वर्तमान सरकार अघि बढेको छ।

दुईतिहाइनजिकको जनमत प्राप्त सत्तारुढ पार्टीले अध्यात्मको महत्त्वपूर्ण पाटो योगलाई परिवर्तनको अस्त्र देखेको छ। जाँचबुझ आयोग बन्ने, प्रतिवेदन पेस पनि हुने तर कार्यान्वयन त के सार्वजनिकसमेत नगर्ने विगतको परम्परा तोड्दै वर्तमान सरकारले कामको थालनी नै प्रतिवेदन कार्यान्वयनबाट गरेको छ। यसले सुशासनका लागि जेन-जी पुस्ताले गरेको बलिदानी आन्दोलन जनताले अनुमोदन गर्दै देशमा सुशासन कायम गर्ने जिम्मेवारी आफुलाई सुम्पिएको तथ्य राष्ट्रिय स्वतन्त्र पार्टीले अनुभूत गरेको बुझ्न कठिन छैन।

सरकारले आरोग्य पर्यटनअन्तर्गत पूर्वीय दर्शन, ध्यान, योग र प्राकृतिक चिकित्सा भन्ने खुलाएको छ कोष्ठभित्र, तर मूल कुरा अध्यात्म छुटेको देखियो। अध्यात्म बृहत् कुरा मात्र होइन, स्वयं महाविज्ञान र भौतिक विज्ञानको समेत जननी हो। पूर्वीय दर्शन विभाजित छ। अध्यात्म ऋषिहरूले आफ्नो शरीर प्रयोगशाला बनाई लामो आत्मानुसन्धान र धेरै कोणबाट परीक्षण गर्दा प्राप्त भएको स्वअनुभूति हो। अध्यात्मको उद्देश्य मानिसको मूल स्वभाव चिनाउँदै आत्मानुभूति गराउनु हो। आत्मानुभूतिको बोध भएपछि मानिस स्वतस्फूर्त निष्काम कर्म गर्छ र गलत कर्मको फलको रूपमा आइलाग्ने दुःखबाट मुक्त हुन्छ। अध्यात्म सिक्का हो भने योग र ध्यान त्यो सिक्काका दुई पाटा हुन्। आरोग्य पर्यटनका लागि योग महत्त्वपूर्ण छ, तर आत्मज्ञानविना योग अर्थपूर्ण हुन सक्दैन। अध्यात्म र योगका बारेमा धेरै भ्रम सिर्जना गरिएको छ समाजमा। त्यसमाथि आत्मज्ञानसँग भेट गराइदिने अध्यात्म नै छुटेको र पूर्वीय दर्शन र प्राकृतिक चिकित्सासँग योग जोडेर द्विविधा उत्पन्न गराएको हुँदा अध्यात्म र योगको अर्थ र महत्त्वमा लेख केन्द्रित छ।

■ योगको अर्थ

सामान्य अर्थमा योग भनेको मिलन वा जोड्नु हो। दार्शनिक दृष्टिकोणले अहं आत्मामा स्थापन वा प्रतिष्ठित हुनु योग हो। प्रकृतिको रेखाको एक छेउमा अहं र अर्कोमा आत्मा छ भन्छन्, भारतीय आध्यात्मिक गुरु आचार्य प्रशान्त। स्वामी चिन्मयानन्दले मिथ्यासँग वियोग र सत्य (आत्मा) सँग संयोग नै योग हो भनी व्याख्या गरेका छन्। ऋषि पतञ्जलिले योगःश्चित्तवृत्तिनिरोधः (चित्त शान्त पार्ने) भनेर योगको परिभाषा गर्दै योगका आठ अंग यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि हुन्छन् भन्दै योगको संहिताकरण गरे, जसलाई पतञ्जलि योग भनिन्छ। आठ अंग बताएर योग एउटा मात्र हुन्छ भन्ने जनाए।

> सुखदुःख पार गरेर आनन्दमा पुग्ने उचाइको नाम हो अध्यात्म। आनन्दमा पुग्नु नै मुक्ति हो। मुक्ति कुनै गन्तव्य होइन, एक निरन्तर अवस्था हो। त्यो अवस्थामा टिकिरहन दैनिक घरको धुलो कुचोले बढारेझैं नियमित योग र ध्यानको साधना गर्नुपर्छ।

भागवत गीता अध्याय पाँच श्लोक २६ मा काम र क्रोधले रहित संयम चित्त भएको तथा आत्मा जान्नेलाई सबैतर्फ मोक्ष विद्यमान छ, २७ मा बाह्य विषयलाई बाहिरै राखेर आँखाको दृष्टिलाई आँखिभौंको बिचमा केन्द्रित गर्दै प्राण वायु (भित्र आउने सास)र अपान वायु (बाहिर फालिने सास) लाई सम बनाएर, २८ मा इन्द्रियहरू, मन र बुद्धिलाई जसले संयमित गरेको छ, जो इच्छा, भय र क्रोधले रहित छ त्यस्तो व्यक्ति सधैं मुक्त हुन्छ भन्ने उल्लेख गरी योगले चित्त शुद्ध राख्दै कामोत्तेजना, भय र क्रोधरहित बनाएर रोगको स्रोत नै बन्द गरी मानिसलाई अयोग्यता प्रदान गर्ने खुलासा गरेको छ। अध्याय ६ श्लोक १३ र १४ मा शरीर, टाउको र घाँटीलाई समान र अचल राखी स्थिर हुँदै नाकको टुप्पोलाई सीधा भएर हेर्दै अन्तस्करण (मन र बुद्धि) शान्त, निर्भय र ब्रह्मचर्य व्रतमा (कर्ता भोक्ताको भाव नराख्नु) स्थित भएर मनलाई आत्मामा लगाएर आत्मा नै परम लक्ष्य सम्झेर बस्ने भनी योगासनको विधि निर्दिष्ट गरिएको छ। प्रविधिको विकास गरी शिखर चुमेको विज्ञानले मनोविकारको उपचार नभेट्टाएको र गीताको यो उपदेशले मानसिक उपचार गर्दै कर्मयोगी बनाएर सिंगो मानवजातिको कल्याणमा समर्पित गरिदिने हुँदा पूर्वीय दर्शनको परिस्कृत, परिमार्जित गर्दै रचिएको भागवत गीता विश्वमै श्रेष्ठ ज्ञान ठहरिएको छ।

योग दर्शन अध्यात्मको केन्द्रीय विषय हो। जसको उद्देश्य आत्मज्ञानको साधनले कर्ता सुधार्ने हो। सम्पूर्ण प्राणीमा विराजमान एउटै आत्मातत्त्वको दर्शन (जान्ने) गराउँदै निष्कामकर्मी बनाएर दुःखको कारण हटाइदिने हो।

आत्मज्ञान नबुझी योगको अर्थ र महत्त्व बुझिँदैन। आत्मज्ञान बुझ्न अहं बुझ्नुपर्छ। अहं भनेको शरीरबाट उत्पन्न हुने एउटा भाव, जसले प्रकृति जड हो, म प्रकृतिभन्दा भिन्न चेतन हुँ भन्ने ठान्छ, 'म र मेरो'को रूपमा प्रकट हुन्छ र असुरक्षा र अपूर्णता महसुस गरेको हुन्छ। त्यही अहंले प्रकृति जड हो र म पनि प्रकृतिकै अंश जड चेतन हुँ भन्ने महसुस गर्नासाथ एक झट्कामा अहं आत्मामा प्रतिष्ठित हुन्छ भन्ने दाबी गर्छन् आचार्य प्रशान्त। आत्मा इन्द्रियहरू, मन र बुद्धिभन्दा परको निर्गुण तथा निराकार हुनाले पक्रिन सकिन्न। त्यसैकारण अहं र आत्माको सम्बन्धको विज्ञान अध्यात्ममा भ्रम सिर्जना गरिएको छ।

■ योग र अध्यात्मका भ्रम


गीता अध्याय ३ श्लोक ४३ मा मनको केन्द्रमा अहं हुन्छ, अहंको क्षेत्र हो मन, केन्द्रले क्षेत्र चलाउँछ, मन बदलेर अहं बदलिन्न। अहं बदले मन बदलिन्छ भनेको छ। यसविपरीत मन बदलेर सकारात्मक बनाउनु नै योग हो भनेर योगको ओज घटाइएको छ। योगासनलाई नै योग हो भन्दै व्यायाम र काल्पनिक धारणामा ध्यान गराएर आत्माको अवधारणाबाट विमुख पारी मानिस जम्मा गरी बाजा बजाएर नाचगान गरे विवाह सम्पन्न हुन्छ बेहुला चाहिँदैन जस्तो भ्रम सिर्जना गरिएको छ। अर्कातर्फ शरीरभित्र अंगुष्ठाबराबरको जीवात्मा हुन्छ, बाहिर निस्केपछि मानिस मर्छ, धार्मिक कर्मकाण्ड गरे स्वर्गमा नगरे नर्कमा जान्छ भन्ने डर देखाइएको छ। आध्यात्मिक व्यक्ति स्वार्थी र असामाजिक हुन्छ भनिएको छ।

■ योग र अध्यात्मका भ्रमको दुष्प्रभाव

मन र बुद्धि सुगठित पारी शरीर सत्कर्ममा सदुपयोग गराउने अध्यात्म र योगलाई शरीरको मात्र सेवामा लगाइदिएकाले अहं बढाएको छ। शरीर प्राथमिक र सकारात्मक कुरा, मन र बुद्धिको उपयोग अध्यात्मको सुरुवाती चरणमा हुन्छ पनि। तर, मन र बुद्धिमा सीमित हुने हो भने सुखदुःखको गोलचक्करमा फसिन्छ। सुखदुःख क्रस गरेर आनन्दमा पुग्ने उचाइको नाम हो अध्यात्म। आनन्दमा पुग्नु नै मुक्ति हो। मुक्ति कुनै गन्तव्य होइन, एक निरन्तर अवस्था हो। त्यो अवस्थामा टिकिरहन दैनिक घरको धुलो कुचोले बढारेझैं नियमित योग र ध्यानको साधना गर्नुपर्छ। योगलाई आत्मातिर केन्द्रित नगरी शरीर र मनमा सीमित राखे साधकलाई झनै अहंकारी बनाउँछ।

(विस्तृत अंश nayapatrikadaily.com मा)

बाँच्न सिकाउने पुस्तक



क्षेत्रको गरिबी, अशिक्षा, अन्धविश्वास, छुवाछुत, अविकास सबैलाई अत्यन्त नजिकबाट देखेका छन्। उनले आफ्नो दोस्रो पुस्तक 'स्वस्पर्श'मा कतै आफूले भेटेका पात्रहरूका कथाव्यथा उपचारमा आइपुगेका अन्य पात्रहरूलाई सुनाएका छन् भने कतै आफैंले सुनेका छन्। उनले बिचबिचमा बुद्धका अत्यन्त जटिल जीवनदर्शनलाई अत्यन्त सरल शब्दमा बुझाउने कोसिस पनि गरेका छन्। उनले आफ्ना विश्वास र विचारलाई पुष्टि गर्न संसारभर धेरै पहिले भएका या अहिले पनि भइरहेका अनेकौं अध्ययन, अनुसन्धान र तिनको निचोडको सहारा पनि लिएका छन्। डा. केसीले मानव मस्तिष्कका ससाना कोषिकादेखि त्यसका विभिन्न भाग र तिनका कार्यबारे पनि मिहीन ढंगमा बुझाउने प्रयत्न गरेका छन् ठाउँठाउँमा।

डा. केसीले दुई कक्षामा पढ्ने बालकको आत्महत्याको पीडादायक दृश्यदेखि अनेकौं आशा, विश्वास र भरोसाका कथाहरू अत्यन्त नजिकबाट अनुभूत गरेका छन्। 'स्वस्पर्श'मा निराशा होइन, आशाका कथा छन्। अँध्यारो होइन, उज्याला किरण छरिएका छन्। जीवन जिउने अनेक कला र बान्की भेटिन्छन् यहाँ। उपचार सेवा लिन डा. केसीसामु आइपुगेका वा उनले जीवनका फरक-फरक घुम्तीमा भेटेर संवाद गरेका जंगबहादुर, गर्बे दाइ, मन्दिरे, बाआमा, सानीनानी, नवराज भेडा, रिता, रिटायर्ड आमा, अस्मिता बादीलगायत थुप्रै भुइँमान्छेका कथाले आमपाठकलाई यस धर्तीमा आइसकेपछि कसरी र किन बाँच्नुपर्छ र बाँच्न के-के गर्नुपर्छ, सबैसबै सिकाइदिन्छन्। तिनले आफूसँगै कर्णालीका विकट गाउँबस्तीदेखि भारतका विभिन्न सहरबजारसम्म घुमाएर जीवनमा एकमुठी खुसी खोज्न सिकाउँछन्। तिनले कतै खित्का छाडेर हाँस्न बाध्य पार्छन् भने कतै तिनैले धर्धरी रुवाउँछन् पनि।


जब तपाईं १६ वर्षमुनिका बालबालिकालाई हुन सक्ने ससाना र मझौला जोर्नी सुन्निने दीर्घरोग (जेआरए)बाट सानैमा थलिएका जाजरकोट, पिउलीगाउँका बालक जंगबहादुर र उनकी आमालाई पुस्तकको सुरुतिरै भेट्नुहुन्छ तब तिनका पीडाले तपाईंलाई पानैपिच्छे च्वास्स च्वास्स घोचिरहन्छन्, चिमोटिरहन्छन्। रोग निको हुन लागिसकेको अवस्थामा जंगबहादुरका बाबुआमाले औषधि छुटाएर उनलाई पहिलेकै जस्तो पीडामा पुऱ्याएको थाहा पाउँदा तपाईं एकपटक आक्रोशले रन्थनिनुहुन्छ। तर, जब तपाईं उनीहरूले किन त्यसो गरे भन्ने कारणसम्म पुग्नुहुन्छ, अनि तपाईंका आँखा रसाउने मात्र होइन, तपाईंलाई सानोतिनो झड्का नै लाग्छ। तपाईं एकछिन स्तब्ध हुनुहुनेछ। अनि, तपाईं जंगबहादुरका गरिब बाबुआमाप्रति होइन, यो देशको राज्यव्यवस्था र हाम्रो सामाजिक संरचनाप्रति आक्रोशित हुन पुग्नुहुनेछ।

कर्णालीतिरको स्थानीय भाषाको रमरम स्वाद भेटिने 'स्वस्पर्श'मा स्वच्छ, सफा र नीलो कर्णालीजस्तै सलल्ल बगेको भाषाशैलीले तपाईंलाई मोहनी लगाउँछ। पुस्तक हात परेर पाना पल्टाउन थालेपछि अन्तिम पानासम्म नपुगी रोकिनु नपरे पनि हुन्थ्योजस्तो लागिरहन्छ। सबैभन्दा ठुलो कुरा पुस्तकले तपाईंलाई आफूले आफैंलाई चिन्न, माया गर्न, पीडाबिच पनि हाँस्न र बाँच्न सिकाउँछ। बाँचेर के नै गर्नु छ र भन्ने निराशामा पुगेका मनहरूमा 'स्वस्पर्श'ले बाँच्ने अदम्य आशा भरिदिनेमा कुनै शंका छैन।

भन्याप्पै !



रवि मिश्र
@rabimishra



खुम्चिँदै खोरिया, हराउँदै चेपाङ पहिचान

गाउँतिर



● विश्वास चेपाङ, अध्येता





कार्बन न्यूनीकरणका लागि खोरियाको भूमिका महत्त्वपूर्ण छ। खोरियामा मिचाहा प्रकृतिको झार जलाएर उत्पादन गरिन्छ। त्यसले कार्बन उत्सर्जनमा न्यूनीकरण गर्छ। खोरियामा उत्पादन हुने अन्नबाली पानी कम हुने ठाउँमा पनि उमार्न सकिने, मलिलो माटो नचाहिने हुन्छ। खेतीमा युरिया, डिएपीजस्ता मल प्रयोग गर्दैनन्। त्यसले जलवायु परिवर्तन अनुकूलनमा राम्रो भूमिका खेल्छ।

चेपाङ समुदायको बसोवास भिरालो डाँडापाखामा हुन्छ। फाँट जग्गा नभएकाले चेपाङ समुदाय खोरियामा निर्भर हुन्छन्। त्यही भिरालो जमिनमा खेती गर्ने कार्य नै खोरिया खेती प्रणाली हो। खोरिया खेतीलाई तीनवर्षे बाली भन्ने पनि चलन छ। तीन-तीन वर्षमा खेती परिवर्तन गर्ने भएर नै यो खेती प्रणालीलाई तीनवर्षे बाली भनिएको हो। खोरिया खेती गर्ने क्षेत्रमा मिचाहा प्रजातिका झार, घाँस, पात पतिंगर, झाडीलाई जलाएर खरानी बनाइन्छ। त्यो खरानीलाई मल बनाएर खेती गरिन्छ। खोरियामा चिउरी, आँप, बेत, अम्रिसो, मालकौनीको उब्जनी र संरक्षण गरिन्छ। यसमा चेपाङ समुदायको जीविकोपार्जन पनि जोडिएको छ। खोरिया भनेको चेपाङ समुदायको पहिचान हो। चेपाङ समुदायको खोरियासँग इतिहास जोडिएको छ। चेपाङ समुदायको सामाजिक, आर्थिक र सांस्कृतिक जीवन बुझ्न खोरिया अभ्यास बुझ्न आवश्यक हुन्छ। अनिकालको समयमा खोरियाले चेपाङ समुदायको खाद्य सुरक्षामा ठुलो भूमिका खेल्छ।

पाखो खोरियामा मकै, कोदो, जुनेलो, मालकौनीलगायत बाली हुन्छ। विशेष गरी, जलवायुसँग लडेर आफैँ उब्जन सक्ने बाली खोरियामा हुन्छ। यसका लागि हामी जहाँ जन्मियौँ, आफ्नो अगाडि जे उपलब्ध छ, त्यही प्राकृतिक स्रोतलाई उपयोग गरेर खेती गर्छौँ। खोरिया खेती अन्य आदिवासी जनजाति राई, मगर, तामाङलगायतमा पनि अभ्यासमा छ।

खोरिया खेती कहिले देखि सुरु भयो भन्ने लिखित दस्तावेज उपलब्ध छैन। मानव सभ्यतामा खेती प्रणाली जहिलेदेखि सुरु भयो, त्यही वेलादेखि नै खोरिया खेती प्रणालीको अभ्यास सुरु भएको देखिन्छ। सुरुवाती दिनमा आदिवासी जनजातिले कन्दमूल अथवा आफ्नावरपर जे उपलब्ध हुन्थे, त्यही खाएर गुजारा चलाएको देखिन्छ। परिवारको संख्या बढ्दै गएपछि उपलब्ध खानाले मात्र पुग्न सकेन। त्यसपछि थप खेती लगाउने बाध्यात्मक अवस्था सिर्जना भयो। यसका लागि उब्जनी गर्ने काम सुरु भयो। उब्जनीका लागि हाम्रो वरपर उपलब्ध भिरपाखा थियो। त्यही भिरपाखामा खेती लगाउने काम सुरु भयो।

चेपाङ समुदायमा जेठ महिनामा मुलुकी पूजा गरिने चलन छ। मुलुकी पूजा एक ठाउँमा गरिने चलन छ, जसमा सबै टोलका सबै घरधुरीले भाले जाँडरक्सी लिएर आउँछन् र सुख, शान्तिका लागि मुखियाले पूजा गर्छन्। यो भूमिसम्बन्धी पूजा हो र यसमा भुतप्रेत नलागोस् भनेर पूजा गरिन्छ। अहिले मुलुकी पूजा हट्दै गएको छ। यो अभ्यास चितवन जिल्लाको हो। गोर्खा, धादिङ, मकवानपुरमा समय मिति र अलि फरक अभ्यास हुन सक्छ।

■ जैविक विविधिता र खोरिया खेती

खोरिया खेती जैविक विविधता संरक्षणमा राम्रो अभ्यास भएको अध्ययनले देखाएको छ। कार्बन धेरै उत्सर्जन भयो, यसलाई न्यूनीकरण गर्नुपर्छ भन्ने कुरा धेरै उठेको देखिन्छ। आदिवासी जनजातिले अभ्यास गरेको खोरिया खेती कार्बन उत्सर्जन रोक्ने उत्तम अभ्यास भएकोसमेत अध्ययनले देखाएको छ।

चेपाङ समुदाय प्रकृति पूजक हो। चेपाङ समुदायले ढुंगा, माटो, खोलानाला, बोटबिरुवाको पूजा गर्छन्। त्यही क्रममा खोरियाको पूजा गरिन्छ। खोरिया अर्थात चेपाङको अन्नदेवता भएकाले खोरियाको पनि पूजा गरिन्छ। जुन परिवारसँग खोरियो छैन, त्यो परिवार चेपाङ होइन भन्ने प्रचलन थियो। पछि गाउँबाट बजार सर्न थालेपछि खोरिया खेती परम्परामा कमी आउन थाल्यो।

कार्बन न्यूनीकरणका लागि खोरियाको भूमिका महत्त्वपूर्ण छ। खोरियामा मिचाहा प्रकृतिको झार जलाएर उत्पादन गरिन्छ। त्यसले कार्बन उर्त्सजनमा न्यूनीकरण गर्छ। खोरियामा उत्पादन हुने अन्नबाली पानी कम हुने ठाउँमा पनि उमार्न सकिने, मलिलो माटो नचाहिने हुन्छ। खेतीमा युरिया, डिएपीजस्ता मल प्रयोग गर्दैनन्। त्यसले जलवायु परिवर्तन अनुकूलनमा राम्रो भूमिका खेल्छ। त्यसले जलवायु परिवर्तनलाई प्रभाव पार्ने काम गर्दैन। बिउबिजन पनि जलवायुमैत्री हुनाले जलवायु परिवर्तनमा यसको भूमिका महत्त्वपूर्ण छ। खोरिया पाउनु भनेको चेपाङ समुदायको अधिकार हो।

पहिला मिचाहा प्रजातिका झार जथाभावी थियो। त्यसलाई चेपाङ समुदायले सदुपयोग गरेका थिए। सन् १९७० तिर वनको राष्ट्रियकरण गर्न थाल्यो। साामुदायिक वन भनेर घोषणा गऱ्यो। वन विकास गुरुयोजना २०४५ ले सामुदायिक वन कार्यक्रमलाई प्राथमिकता दियो। वनको केही हिस्सा सामुदायिक व्यवस्थापनमा लगियो।

फेरि कबुलियती वन भनेर घोषणा गऱ्यो। धार्मिक वन भनेर घोषणा गर्न थाल्यो। त्यसपछि खोरियाको उपभोगमा कमी आउन थाल्यो। विभिन्न नाममा वन भनेर घोषणा गरेसँगै खोरियाको क्षेत्रमा सीमितता आएको छ। त्यसैले खोरिया खेती प्रणालीमा अहिले कमी आउन थालेको छ।

धेरै चेपाङ समुदायसँग आफ्नो नामको लालपुर्जा छैन। त्यसैले पनि सजिलै हटाउन सक्यो। सामुदायिक वनले लालपुर्जा अभावकै कारण सजिलै हटायो। राष्ट्रिय निकुञ्जको अवधारणाले सहज रूपमा चेपाङलाई भूमिहीन बनायो।

०६८ को जनगणनामा चेपाङको जनसंख्या ६८ हजार ३ सय ९९ थियो। ०७८ सालको जनगणना यो संख्यामा वृद्धि भएर ८४ हजार ३ सय ६४ पुगेको छ। जनसंख्या वृद्धि हुँदै जान थालेपछि हाल चेपाङ समुदायका धेरै मानिस वैदेशिक रोजगारका लागि खाडी जान थालेका छन्। यसबाट केही परिवारको जीविकोपार्जन भएको छ। जो वैदेशिक रोजगारका लागि खाडी पनि जान सकेका छैनन् उनीहरू केही शिक्षण पेसामा छन्। आयस्रोतका माध्यम बनाउँदै केही सरकारी जागिरतर्फ आउन थालेका छन्। केहीलाई सिटिइभिटीले दिएको प्राविधिक तालिमले पनि केही सजिलो भएको छ।

पहिले बुबाआमाहरूले सामान विनिमय गर्थे। स्कुससँग चामल साटिन्थ्यो। निबुवाको चुकसँग चामल साटिन्थ्यो। अहिले त्यो चलनमा कमी आएको छ।

■ खुम्चिँदै खोरिया खेती

वन संरक्षणका नाममा नयाँनयाँ नीति आउँदै छ। त्यसले चेपाङ समुदायको खोरिया खुम्चिँदै छ। वन जोगाउने नाममा राष्ट्रिय निकुञ्ज बनायो। त्यसको वरपरका क्षेत्रलाई 'बफरजोन' भनियो छेउछाउका क्षेत्रलाई सामुदायिक क्षेत्र भनेर बनाउन थाल्यो। त्यतिले पनि नपुगेर अहिले जैविक विविधता संरक्षणका उपायहरू (ओइसिएम)को अवधारणासमेत आएको छ। सन् २०२२ डिसेम्बरमा सम्पन्न जैविक विविधता महासन्धिको १५औँ सम्मेलनमा सदस्य राष्ट्रहरूले कुनमिङ-मोन्ट्रियल जैविक विविधता संरक्षण खाका लक्ष्य तीनअन्तर्गत सन् २०३० सम्म विश्वका भूभागको ३० प्रतिशतमा पारिस्थितिकीय प्रणालीको प्रतिनिधित्व गर्ने अति महत्त्वको जैविक विविधता क्षेत्रको संरक्षण गर्ने प्रतिबद्धता गरेको छ। नेपाल उक्त महासन्धिको सदस्य राष्ट्र हो। ओइसिएमजस्ता योजना बनाउँदा चेपाङ समुदायसँग प्रयाप्त छलफल गरिएको छैन। ओइसिएम एरियाको मानिसलाई राम्रोसँग सोधिएको छैन। ओइसिएम लागू भइसकेपछि प्रभावित समुदायको सांस्कृतिक, आर्थिक रूपमा कस्तो प्रभाव पार्छ ? त्यसको बारेमा पर्याप्त छलफल भएको छैन। यस्ता योजनाले हाम्रो जमिन मात्र जाने होइन, जमिनसँग जोडिएको संस्कृति, परम्परा सबै सकिन्छ। हाम्रो ठाउँ, माटो, खोला, जडीबुटीलाई आफ्नै तरिकाले नामाकरण गरेका हुन्छौँ। त्यो सबै हराएर जान्छ।

खोरिया हाम्रा लागि जीवनयापनको माध्यम हो। तर, राज्यका लागि केही होइन भन्ने भएको छ। किनभने हामीसँग लालपुर्जा छैन। खोरिया खेती गरेरै जैविक विविधतामा योगदान पुगेको छ। कार्बन उत्सर्जन न्यूनीकरण भएको छ। तर, त्यस्ता कुरालाई बेवास्ता गरिएको छ। केही स्थानीय तहले राम्रो प्रयास पनि गरेका छन्। चेपाङ समुदाय बस्ने भिरालो पाखालाई त्यहाँ उत्पादन हुने खेतीको पकेट क्षेत्र बनाउने काम गरेका छन्। त्यो माटोलाई सुहाउँदो खेती गरेर आयस्रोतको माध्यम बनाएको छ।

अब खोरिया सकिँदै गएको छ। सकिन्छ। खोरिया खेतीबारे अध्ययन, अनुसन्धानका काम भएका छन्। तर, प्रवर्द्धन गर्ने काम भएको छैन। राज्यले यस्तै नीति, योजना अगाडि बढाइरहे खोरिया खेती हराएर जान्छ। अहिले गाउँपालिका र नगरपालिकाले खोरियाको निस्सा दिने चलन गरेका छन्, जसमा भूमि विभागबाट नापी नभए पनि पालिकाले अस्थायी लालपुर्जाजस्तो निस्सा दिने गरेको छ।

खोरिया खेती प्रणालीको प्रवर्द्धन गर्नका लागि अझै केही काम गर्न सकिन्छ। यसका लागि राज्यले चेपाङ समुदायको आवश्यकतालाई ध्यानमा राखेर समुदायसँग छलफल गर्नुपर्ने देखिन्छ। जीविकोपार्जनका लागि व्यावसायिक खोरिया सुधार खेती सञ्चालन गर्न सम्भाव्यता अवलोकन र किसानसँग छलफल गर्नुपर्छ। बढ्दो जनसंख्या र खोरिया विस्तारको कारण हाम्रो हरियाली डाँडापाखा उजाड भएको छ। आफ्नो खोरिया पाखा-पखेरोमा चिउरी, निबुवा, रुख कटहर, अम्बा जातका बिरुवा लगाउने सकिन्छ। भिरालो खोरियालाई सुधार्न तारबारका लागि विभिन्न घासको बिउ रोप्न सकिन्छ। समुदायको चेतना अभिवृद्धिकै लागि पनि काम गर्नुपर्ने देखिन्छ।

अहिले बढ्दो जनसंख्या र खोरिया विस्तारमा रोकको कारण हाम्रो हरियाली डाँडापाखा उजाड देखिन्छ। अबको बढ्दो सहरीकरण, गाउँबाट बसाइँसराइ बढेसँगै खोरिया पनि बाँझो रहेकाले डाँडापाखामा मिचाहा प्रजातिको झार बढ्दो छ। यसको उचित व्यवस्थापन जरुरी हुन्छ। आदिवासी, रैथाने ज्ञान, अभ्यासलाई निरन्तरता दिई जनजीविकालाई पनि टेवा पुग्ने कार्यक्रम अघि बढाउन आवश्यक छ।

(कुराकानीमा आधारित)

लैंगिकता



● निजारा डेका



● समिहा जमिल



महिलाको काम पेसा बन्दा के हुन्छ ?

उद्योगहरूमा महिला सबैभन्दा तल्लो तहमा प्रवेश गर्न सक्छन्, जबकि क्षेत्रहरू विस्तार हुँदै र बढी लाभदायक हुँदै जाँदा नेतृत्व र स्वामित्व बिस्तारै पुरुषप्रधान हुँदै जान्छ। भारतले आफ्नो जनसांख्यिकीय लाभांशबाट साँच्चै लाभ उठाउनका लागि नीति कार्यबलमा महिलाको सहभागिता बढाउनुभन्दा बाहिर जानुपर्छ।

खाना पकाउने, हेरचाह गर्ने, सरसफाइ गर्ने, सिलाइबुनाइ गर्ने, शिक्षण गर्ने यी कामलाई अझै पनि समाजमा 'महिलाको काम'का रूपमा हेरिन्छ। आखिर, महिलाले घरपरिवार र समुदायभित्र नियमित रूपमा यी काम गर्छन्, प्रायः तलब वा मान्यताविना। तर अधिकार, प्रतिष्ठा र इनामको पदमा हाबीचाहिँ पुरुष नै हुन्छन्।

यो विरोधाभासले श्रमबजारमा गहिरो ढाँचालाई प्रतिबिम्बित गर्छ। जब काम अनौपचारिक, बेतलबी वा कम स्थितिको हुन्छ, महिलाको प्रतिनिधित्व धेरै हुन्छ। तर, जब यो व्यावसायिक र लाभदायक हुन्छ, पुरुषले प्रायः नेतृत्वमा भूमिका ओगट्छन्। उदाहरणका लागि धेरैजसो घरपरिवारमा खाना पकाउने जिम्मेवारी मुख्यतया महिलाको हुन्छ। तर, रेस्टुरेन्ट वा होटेलजस्ता व्यावसायिक भान्सामा कार्यकारी सेफजस्ता सबैभन्दा प्रतिष्ठित पद अत्यधिक रूपमा पुरुषलाई प्रदान गरिन्छ। गतिविधि उस्तै रहन्छ, तर पेसा बनेपछि यसको सामाजिक र आर्थिक मूल्य परिवर्तन हुन्छ। यो ढाँचा अर्थतन्त्रका धेरै क्षेत्रमा दोहोरिन्छ।

■ माथिल्लो पदमा पुरुष धेरै, तल्लोमा महिला

महिलासँग परम्परागत रूपमा सम्बन्धित पेसामा पनि आय, अधिकार र प्रतिष्ठा प्रवेश गरेपछि स्पष्ट पदानुक्रम देखा पर्छ। सौन्दर्य र ग्रुमिङ उद्योगलाई विचार गर्नुहोस्, जसलाई प्रायः महिलाप्रधान क्षेत्रको रूपमा हेरिन्छ। विविधता र समावेशीकरण फर्म एज एम्पावरले २०२४ मा गरेको एक अध्ययनले २५ प्रमुख सार्वजनिक सौन्दर्य कम्पनीको विश्लेषण गऱ्यो र पत्ता लगायो कि महिलाले समग्र कार्यबलको ६९ प्रतिशत र कनिष्ठ व्यवस्थापन भूमिकाको ६३ प्रतिशत ओगटेका थिए। तर, वरिष्ठ व्यवस्थापन पदको ३६ प्रतिशत मात्र महिलाले सम्हालेका थिए। सेवा श्रममा महिलाको प्रभुत्व छ। तर, पुरुषले असमान रूपमा व्यवसाय चलाउँछन्।

श्रम-गहन उत्पादन क्षेत्रमा पनि यस्तै कथा छ। बंगलादेशको गार्मेन्ट क्षेत्रमा कामदारको लगभग ८० प्रतिशत महिला छन्, जसले गर्दा यो उद्योग महिलाका लागि रोजगारीको सबैभन्दा ठुलो स्रोतमध्ये एक हो। यद्यपि, विश्व बैंकको कार्यपत्रले देखाउँछ कि महिलाले लाइन सुपरभाइजर वा कारखाना प्रबन्धकजस्ता व्यवस्थापकीय भूमिकामा लगभग पाँच प्रतिशत मात्र ओगटेका छन्। शिक्षालेे अर्को उदाहरण प्रदान गर्छ। साना बच्चालाई पढाउने काममा व्यापक रूपमा महिलाको सहभागिता हुन्छ। युडिआइएसई र २०२४-२५ को तथ्यांकले देखाउँछ कि भारतमा समग्र स्कुल शिक्षकको लगभग ५४ प्रतिशत महिला छन्। आधारभूत चरणमा तिनीहरू लगभग ९६ प्रतिशत छन्। यद्यपि, शैक्षिक पदानुक्रम माथि जाँदा लैंगिक सन्तुलन परिवर्तन हुन्छ। माध्यमिक तहमा महिलाको हिस्सा लगभग ४६ प्रतिशतमा झर्छ। उच्च शिक्षामा यो खाडल अझ प्रस्ट हुन्छ। अखिल भारतीय उच्च शिक्षा सर्वेक्षण (एआइएसएचई) २०२१-२२ अनुसार महिला संकाय सदस्यहरूको लगभग ४३ प्रतिशत छन्, तर प्राध्यापकहरूको लगभग ३० प्रतिशत मात्र छन्। सौन्दर्य सेवादेखि उत्पादन र शिक्षासम्मका क्षेत्रमा कसले काम गर्छ र कसले अधिकार राख्छ भन्नेबिचको खाडललाई बेवास्ता गर्न गाह्रो छ।

विशेषगरी, भारतले आफ्नो जनसांख्यिकीय लाभांशलाई उपयोग गर्न खोजिरहेको समयमा यी ढाँचाले नीतिमा महत्त्वपूर्ण प्रभाव पार्छन्। हालका वर्षमा सरकारहरूले सीप विकास र रोजगारी कार्यक्रममा जोड दिएका छन्। राष्ट्रिय सीप मिसनअन्तर्गतका पहलले लाखौँ युवालाई तालिम दिने र श्रमबजारमा धेरै महिलालाई ल्याउने लक्ष्य राखेका छन्। यी प्रयास आवश्यक र स्वागतयोग्य छन्। तर, सीपले मात्र गहिरो संरचनात्मक समस्या समाधान गर्दैन। महिलाहरूले तालिम प्राप्त गर्न सक्छन् र ठुलो संख्यामा कार्यबलमा प्रवेश गर्न सक्छन्, तर यसअघिका प्रमाणले देखाउँछन् कि सहभागिता स्वचालित रूपमा नेतृत्व, स्वामित्व वा आर्थिक शक्तिमा रूपान्तरण हुँदैन। चुनौती केवल कार्यबलमा प्रवेशबारे होइन, बरु कसलाई माथि उठ्न अनुमति दिइएको छ भन्नेबारे हो।

यस खाडलमा धेरै संरचनात्मक अवरोधले योगदान पुऱ्याउँछन्। महिलाले बेतलबी हेरचाह कार्यको असमान हिस्सा बोक्छन्, जसले गर्दा उनीहरूको करियर उन्नतिको समय सीमित हुन्छ। ऋण, पुँजी र व्यावसायिक सञ्जालमा पहुँच पनि असमान रहन्छ। व्यावसायिक प्रगति प्रायः परामर्श, गतिशीलता र संस्थागत समर्थनमा निर्भर गर्छ, जहाँ महिलाले प्रायः बेफाइदाको सामना गर्छन्।

यदि यी संरचनात्मक अवरोधलाई सम्बोधन गरिएन भने सीप विकास कार्यक्रमले अन्जानमा विद्यमान पदानुक्रम पुनरुत्पादन गर्न सक्छन्। महिलाहरू उद्योगहरूमा सबैभन्दा तल्लो तहमा प्रवेश गर्न सक्छन्, जबकि क्षेत्रहरू विस्तार हुँदै र बढी लाभदायक हुँदै जाँदा नेतृत्व र स्वामित्व बिस्तारै पुरुषप्रधान हुँदै जान्छ। भारतले आफ्नो जनसांख्यिकीय लाभांशबाट साँच्चै लाभ उठाउनका लागि नीति कार्यबलमा महिलाको सहभागिता बढाउनुभन्दा बाहिर जानुपर्छ।

सीप विकास कार्यक्रम महिलालाई मूल्य शृंखला माथि उठाउन सक्षम बनाउने उपायसँगै हुनुपर्छ। यसमा बाल हेरचाह पूर्वाधार विस्तार गर्ने, ऋण र उद्यमशीलता अवसरमा महिलाको पहुँच सुधार गर्ने, पर्यवेक्षक र नेतृत्व पदमा पदोन्नति गर्न महिलालाई समान अवसर सुनिश्चित गर्ने र व्यवस्थापकीय निर्णय लिने भूमिकामा महिलाको प्रतिनिधित्वलाई सुदृढ पार्ने समावेश छ। अन्यथा, विरोधाभास क्षेत्रहरूमा दोहोरिनेछ, महिलाहरूले घरपरिवार र उद्योग दुवैलाई टिकाउने धेरैजसो श्रम गर्नेछन्, जबकि अधिकार, मान्यता र नाफा पुरुषहरूमा केन्द्रित हुनेछ। भारतको जनसांख्यिकीय लाभांश केवल धेरै महिलालाई तालिम दिएर मात्र प्राप्त हुनेछैन। जब 'महिलाको काम' पेसा बन्छ, उनीहरूलाई पेसाको सीमान्तमा धकेल्नुहुँदैन।

(द प्रिन्टमा प्रकाशित निजारा डेका र समिहा जमिलको आलेखलाई सुभाष शर्माले अनुवाद गरेका हुन्। जमिल नेसनल काउन्सिल अफ एप्लाइड इकोनोमिक रिसर्चकी विश्लेषक हुन् भने डेका अनुसन्धानकर्ता हुन् ।)

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार २८ चैत ०८२

आर्थिक वृद्धिदर सुस्त रहने एडिबीको प्रक्षेपण

यो वर्ष ३.५ प्रतिशतसम्मको वृद्धिदर हासिल गर्ने सरकारी लक्ष्य, तर प्रमुख विकास साझेदारहरूद्वारा आर्थिक वृद्धिदर तीन प्रतिशतभन्दा कम हुने अनुमान



नयाँ पत्रिका

आगामी वर्ष सुधार हुने प्रक्षेपण

आगामी आर्थिक वर्षमा अर्थतन्त्रले सुधारको गति लिने एडिबीको प्रक्षेपण छ। एडिबीले आगामी आर्थिक वर्ष ०८३/८४ मा आर्थिक वृद्धिदर करिब ५ प्रतिशत पुग्ने अनुमान गरेको छ। तर, यसका लागि मध्यपूर्व द्वन्द्व चाँडै अन्त्य हुनुपर्ने, राजनीतिक स्थिरता कायम हुनुपर्ने तथा सरकारले घोषणा गरेका सुधार कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्ने आवश्यकता रहेको अर्थशास्त्री मानवरसिंह खड्काको भनाइ छ।

उनले भने, 'लगानी स्वीकृति प्रक्रिया सहज बनाउने, वातावरणीय मूल्यांकन छिटो गर्ने र प्रभावित व्यवसायलाई सहुलियत दिनेजस्ता कदमहरूले अर्थतन्त्रलाई गति दिन सक्ने अपेक्षा गरिएको छ।' मुद्रास्फीति चालू वर्षमा करिब ३.७ प्रतिशत रहने एडिबीको अनुमान छ भने आगामी वर्षमा बढेर करिब ४.५ प्रतिशत पुग्न सक्ने देखिएको छ। पेट्रोलियम पदार्थको मूल्यवृद्धिका कारण यातायात, खाद्यान्न र सेवा क्षेत्रमा लागत बढ्दै जाँदा महँगीमा दबाब परेको खड्काको बुझाइ छ।

नेपालको अर्थतन्त्रमा रेमिट्यान्स अझै पनि प्रमुख आधारका रूपमा रहेकाले बाह्य सूचक सन्तोषजनक रहेको उनको भनाइ छ। उनले भने, 'चालू आर्थिक वर्षको पहिलो आधामा रेमिट्यान्स उल्लेख्य रूपमा बढेको छ, जसले व्यापार घाटा कम गर्न मद्दत गरेको छ। नेपाली कामदार नयाँ गन्तव्य देशहरूमा जान थालेका छन् र बैंकिङ प्रणालीमार्फत पैसा पठाउने प्रवृत्ति पनि बढेको छ।

प्रतिवेदनको मुख्य अंश

- **आगामी वर्ष वृद्धिदर करिब ५% पुग्ने**
- **लगानी स्वीकृति प्रक्रिया सहज बनाउने, वातावरणीय मूल्यांकन छिटो गर्ने र प्रभावित व्यवसायलाई सहुलियत दिनेजस्ता कदमले अर्थतन्त्रलाई गति दिने**
- **पेट्रोलियम पदार्थको मूल्यवृद्धिका कारण यातायात, खाद्यान्न र सेवा क्षेत्रमा लागत बढ्दै जाँदा महँगीमा दबाब**
- **रेमिट्यान्स अझै पनि प्रमुख आधार रहेकाले बाह्य सूचक सन्तोषजनक**
- **मध्यपूर्वको द्वन्द्वले चालू खाता बचतमा भइरहेको विस्तारमा बाधा पुग्ने।**

२३ र २४ भदौको जेन-जी आन्दोलनपछि आएको आर्थिक शिथिला र मध्यपूर्वमा हाल जारी सैन्य तनावले नेपालको आर्थिक वृद्धिदर सुस्त रहने एसियाली विकास बैंक (एडिबी)ले प्रक्षेपण गरेको छ। नेपालको प्रमुख विकास साझेदारमध्येको एक एडिबीले शुक्रबार 'एसियाली विकास परिदृश्य, अप्रिल २०२६ मार्फत चालू आर्थिक वर्ष ०८२/८३ मा आर्थिक वृद्धिदर २.७ प्रतिशतमा सीमित रहने अनुमान सार्वजनिक गरेको छ। यो गत आर्थिक वर्ष ०८१/८२ को ४.६ प्रतिशतभन्दा न्यून हो।

विश्व बैंकले तीन दिनअघि २५ चैतमा सार्वजनिक गरेको आर्थिक परिदृश्यमा भने नेपालेका वृद्धिदर २.३ प्रतिशतमा सीमित हुने अनुमान थियो। अर्थ मन्त्रालयले चालू आर्थिक वर्षको बजेटको अर्धवार्षिक समीक्षामार्फत यो वर्ष ३.५ प्रतिशत वृद्धिदर हासिल हुने जनाएको थियो। तर, दुवै प्रमख विकास साझेदारहरूले सरकारको अनुमानभन्दा कम आर्थिक वृद्धिदर हुने प्रक्षेपण सार्वजनिक गरेका छन्।

गत भदौको आन्दोलन, ढिलो मनसुन तथा बाढीका कारण कृषि उत्पादनमा आएको गिरावट सुस्त वृद्धिदरको मुख्य कारण रहेको एडिबीका अर्थशास्त्री मानवरसिंह खड्काको विश्लेषण छ। उनका अनुसार विशेषगरी धान उत्पादनमा करिब ४.२ प्रतिशत कमी आउने प्रारम्भिक अनुमान छ। 'उद्योग क्षेत्रमा पनि उल्लेख्य सुधार देखिएको छैन।

हप्तैपिच्छे इन्धनको भाउ वृद्धि

मध्यपूर्व तनावग्रस्त हुँदा अन्तर्राष्ट्रिय बजारमा बढेको कच्चा तेलको भाउले नेपाली उपभोक्ता प्रत्यक्ष मारमा

करिब एक महिनामा पेट्रोल ६२, डिजेल/मट्टीतेल ६५, हवाई इन्धन १३० र ग्यास सय रुपैयाँ महँगियो

अजित अधिकारी/नयाँ पत्रिका

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउमा भएको वृद्धिका कारण नेपालमा चैत लागेयता पाँचपटक पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएको छ। आयल निगमले १ चैत, ११ चैत, १७ चैत, १९ चैत र २६ चैतमा इन्धनको भाउ बढाएको हो। जसकारण महिना दिनयता मात्रै पेट्रोल ६२ रुपैयाँ, डिजेल र मट्टीतेल समान ६५ रुपैयाँ तथा हवाई इन्धन एक सय ३० रुपैयाँ प्रतिलिटर महँगिएको छ भने खाना पकाउने एलपी ग्यास एक सय रुपैयाँ प्रतिसिलिन्डर बढेको छ।

मूल्यवृद्धिपछि पेट्रोल दुई सय १९ रुपैयाँ, डिजेल र मट्टीतेल समान दुई सय सात रुपैयाँ तथा हवाई इन्धन दुई सय ५७ रुपैयाँ प्रतिलिटर कायम भएको छ भने ग्यास प्रतिसिलिन्डर दुई हजार १० रुपैयाँ पुगेको छ। अन्तर्राष्ट्रिय विमान कम्पनीले भर्ने हवाई इन्धनको भाउ पनि प्रतिकिलोलिटर आठ सय १९ डलरले वृद्धि भएर १७ सय ८५ डलर प्रतिकिलोलिटर पुगेको छ। नियमित रूपले इन्धनको भाउ बढाए पनि आयल निगम अझै पाक्षिक सात अर्ब ८१ करोड रुपैयाँ घाटामा रहेको कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टले जानकारी दिए।

उनले खपत घटाउनु नै सबैभन्दा ठुलो विकल्प रहेको पनि बताए। 'अहिलेको विषम परिस्थितिमा वित्तीय व्यवस्थापन गरी इन्धनको आयातलाई नियमित गर्न इन्धन खपत घटाउनु एक मात्र उपयुक्त विकल्प हुनेछ,' उनले भने। उनले खरिद मूल्य नै उच्च भएकाले निगमले आर्थिक संकट भोग्न थाले पनि प्रस्ट पारे।




कहिले-कहिले भयो मूल्यवृद्धि ?

(पेट्रोल, डिजेल, मट्टीतेल र हवाई इन्धनको मूल्य प्रतिलिटर र ग्यासको मूल्य प्रतिसिलिन्डर रुपैयाँमा तथा बाह्य हवाई इन्धनको मूल्य प्रतिकिलोलिटर डलरमा)


पेट्रोलियम	१ चैत	११ चैत	१७ चैत	१९ चैत	२६ चैत	हालको मूल्य
पेट्रोल	१५	१५	-	१५	१७	२१९
डिजेल	१०	१५	-	१५	२५	२०७
मट्टीतेल	१०	१५	-	१५	२५	२०७
आ. हवाई इन्धन	-	-	१२४	-	६	२५७
बाह्य हवाई इन्धन	-	-	८१९ डलर	-	-	१,७८५ डलर
ग्यास	-	-	-	-	१००	२,०१०

- **भन्सार शुल्क र पूर्वाधार कर मा छुट दिएर मूल्य नियन्त्रण गर्ने सरकारी प्रयास जारी**
- **इन्धनमा भएको वृद्धिले सवारी साधन, मालबाहक ट्रक र हवाई भाडा भने वृद्धि**



आयल निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्ट भन्छन्–

■ इन्धन आपूर्ति सहजताका लागि मूल्यवृद्धि बाध्यतात्मक छ




मध्यपूर्वमा जारी रहेको युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य निरन्तर वृद्धि भइरहेको सबैलाई विदितै छ। यस परिस्थितिमा पेट्रोलियम पदार्थको स्वचालित मूल्य प्रणालीबमोजिम मूल्य समायोजन हुन नसक्दा निगमको घाटासमेत अप्रत्याशित रूपमा बढ्न गई वित्तीय अवस्था कमजोर हुन पुगेको छ। यसरी निगमको वित्तीय अवस्था धरासायी हुँदै जाँदा पेट्रोलियम पदार्थ खरिद गरेबापतको इन्डियन आयल कर्पोरेसनलाई गर्नुपर्ने भुक्तानीसमेत गर्न नसक्ने अवस्था सिर्जना भई आपूर्ति शृंखला नै अवरुद्ध हुन सक्ने सम्भावना उच्च भएको छ। पेट्रोलियम पदार्थको आपूर्ति सहज बनाउन केही समयसम्म मूल्यवृद्धिको सहारा लिइएको छ।

निगमले आपूर्ति शृंखलालाई नियमित गर्न सरकारबाट प्रदान गरिएको कर छुटबाट बचत भएको रकम र निगमको मूल्य स्थिरीकरण कोषमा जम्मा भएको रकमबाट बुधबार मात्रै इन्डियन आयल कर्पोरेसनलाई २६ अर्ब ८६ करोड भुक्तानी गरिएको छ। अबको १३ दिनपछि आइओसीलाई भुक्तानी गर्न पुनः १६ अर्ब ३७ करोड रकम व्यवस्थापन गर्नुपर्ने बिहीबार रातिबाट लागू हुने गरी पुनः मूल्य समायोजन गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको हो। उक्त मूल्यवृद्धि पनि निगमलाई पाक्षिक रूपमा करिब सात अर्ब ८१ करोड घाटा हुने देखिन्छ।

सरकारको स्पष्ट मार्गदर्शन, सरकार वालाहरुको सहयोग र निगमको प्रभावकारी व्यवस्थापनले गर्दा नेपालको स्थिति सन्तोषजनक अवस्थामा छ।

१० अग्ला हिमाल चढ्ने आरोहीको तथ्यांक

स्रोत : पर्यटन विभाग



पर्यटन विभागको तथ्यांकअनुसार मार्चमा १० वटा हिमाल आरोहण गर्न एक सय १४ आरोहीले अनुमति लिएका छन्। यीमध्ये ८७ पुरुष र २७ महिला छन्। उनीहरूबाट हिमाल आरोहणको रोयल्टी शुल्कबापत ६ करोड १३ लाख ६९ हजार दुई सय ४९ रुपैयाँ उठेको छ।

नागरिक एपमा लोकसेवा प्रवेशपत्र र 'एनओसी'को सुविधा

नयाँ पत्रिका

सरकारले डिजिटल सुशासनलाई सुदृढ बनाउने दीर्घकालीन लक्ष्यअनुसार नागरिक सेवालाई अनलाइनमार्फत उपलब्ध गराउने अभियानलाई अघि बढाएको छ।

अब निजामती कर्मचारीको व्यक्तिगत विवरण, लोकसेवा आयोगका परीक्षार्थीको प्रवेशपत्र तथा वैदेशिक अध्ययनका लागि आवश्यक 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) नागरिक एपमार्फतै प्राप्त गर्न सकिने व्यवस्था अन्तिम चरणमा पुगेको छ। सूचना प्रविधि विभागका महानिर्देशक चन्द्र साहले हाल उक्त प्रणाली परीक्षणको चरणमा रहेको र आगामी एक हप्ताभित्र पूर्ण रूपमा कार्यान्वयनमा आइसक्ने जानकारी दिएका छन्।

चैत १३ गते मन्त्रिपरिषद्बाट स्वीकृत 'शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची'अन्तर्गत बुँदा नम्बर ३५ मा यो विषय उल्लेख थियो। सो बुँदा कार्यान्वयनका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले समयसीमासहितको कार्ययोजना तयार पारी सम्बन्धित निकायलाई तोकिएको अवधिभित्रै काम सकिसक्न भनेको छ। सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनाले मातहतका सम्बन्धित निकायलाई नागरिक एपमार्फत थप सेवा एकीकृत गर्न तथा डिजिटल प्लाटफर्ममार्फत सेवा विस्तारलाई तीव्रता निर्देशनसमेत दिए।

मन्त्रीस्तरीय निर्देशनपछि सूचना प्रविधि विभागले विभिन्न सरकारी तथा प्राविधिक निकायसँग समन्वय सुरु गरिसकेको छ। सोही क्रममा नेपाल इन्जिनियरिङ परिषद्सँग सम्झौता गरी व्यावसायिक इन्जिनियरहरूको प्रमाणपत्र पनि नागरिक एपबाटै उपलब्ध हुने गरी प्रक्रिया अघि बढिसकेको विभागका महानिर्देशक साहले जानकारी दिए।

नयाँ प्रणाली कार्यान्वयनमा आएपछि नागरिकले नागरिक एपमार्फतै विभिन्न महत्त्वपूर्ण सेवा प्राप्त गर्न सक्नेछन्। यसअन्तर्गत लोकसेवा आयोगका परीक्षार्थीले प्रवेशपत्र, वैदेशिक अध्ययनका लागि आवश्यक 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) तथा निजामती कर्मचारीले आफ्नो व्यक्तिगत विवरण नागरिक एपबाटै प्राप्त गर्न सक्नेछन्।

यसअघि नै नागरिक एपमार्फत प्रहरी चारित्रिक प्रमाणपत्र (पुलिस क्लियरेन्स रिपोर्ट) प्राप्त गर्ने सुविधा सञ्चालनमा आइसकेको छ। अब थप सेवाहरू एकीकृत भएसँगै नागरिक एपलाई 'वन-स्टप डिजिटल सेवा प्लाटफर्म' बनाउने सरकारको योजना थप सशक्त हुने अपेक्षा छ।

संक्षेप

अब अनलाइनबाटै पेन्सनको प्रमाणीकरण



काठमाडौं/ अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबारबाट पेन्सन प्रमाणीकरण प्रणाली सुरुवात गरेका छन्। अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रमबिच उनले महालेखा नियन्त्रकको कार्यालयले तयार गरेको उक्त प्रणाली सुरुवात गरेका हुन्। यससँगै साढे तीन लाख पेन्सनकर्ताको दिकदारीपूर्ण पेन्सन नवीकरण र बैंक छनोटको झन्झट समाप्त भएको छ भने सरकारले तिर्नुपर्ने बैंक कमिसन पनि शून्यमा झर्ने अपेक्षा गरिएको छ। यसबाट निवृत्तभरकहरू भौतिक रूपमा उपस्थित हुनुपर्दैन अब घरैबाट सेवा प्राप्त गर्न सकिने उल्लेख छ।

साताभरमा सुनचाँदीको मूल्यमा वृद्धि

काठमाडौं/ यो साता नेपाली बजारमा सुनचाँदीकोको मूल्य बढेको छ। साताको पहिलो दिन आइतबार सुनको मूल्य प्रतितोलाको दुई लाख ९४ हजार रुपैयाँ रहेकोमा साताभर उतारचढाव हुँदै शुक्रबार आइपुग्दा प्रतितोला दुई लाख ९६ हजार नौ सय कायम भयो। शुक्रबारको भाउ आइतबारको तुलनामा तोलामा दुई हजार नौ सय रुपैयाँ बढी हो। यो साता चाँदीको मूल्य पनि बढेको छ। साताको पहिलो दिन आइतबार प्रतितोला चार हजार आठ सय ३० रुपैयाँ कायम रहेकोमा उतारचढाव हुँदै शुक्रबार आइपुग्दा प्रतितोला चार हजार नौ सय ६० कायम रह्यो।

ऊर्जाले आगामी बजेटमा नयाँ आयोजना नराख्ने

काठमाडौं/ ऊर्जा, स्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले देशलाई थप वित्तीय भार पर्ने नयाँ आयोजना सुरु नगर्ने बताएका छन्। उनले वर्षौंदेखि रुग्ण भइबसेका आयोजनालाई पहिला सम्पन्न गर्ने आफ्नो लक्ष्य रहेको बताएका हुन्। शुक्रबार जलस्रोत तथा सिँचाइ विभागका अधिकारीसँगको छलफलका क्रममा उनले सो धारणा राखेका हुन्। समस्याको वर्गीकरण गरी समाधानको उपाय खोजिने मन्त्री श्रेष्ठको भनाइ छ। उनले मन्त्रीस्तरबाट गर्नुपर्ने काम आफूले गर्ने र अन्य तहबाट हुने काम आफ्नो जिम्मेवारीअनुसार परिणाम देखिने गरी कार्य गर्न मातहतका अधिकारीलाई निर्देशन दिएका छन्। उनले भने, 'कुर्सीमा कुन व्यक्ति बस्छ, भन्ने विषय महत्त्वपूर्ण होइन। कुर्सीमा बस्ने व्यक्तिको जिम्मेवारी के हो ? र, उसले आफ्नो जिम्मेवारी कति निर्वाह गरिरहेको छ भन्ने विषय महत्त्वपूर्ण छ।'

उपत्यकामा २५.९६% सम्म भाडा बढाउन सिफारिस

पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिअनुसार बागमती प्रदेशमा भाडादर समायोजन गर्न प्रस्ताव, मन्त्रिपरिषद्ले निर्णय गर्न बाँकी

■ बागमती प्रदेशमा भाडादर वृद्धिका लागि गरिएको प्रस्ताव

- **उपत्यकाका लागि भाडादर** : २५.९६%
- **उपत्यकाबाहिरको भाडादर** : १७.३५%
- **ट्याक्सी भाडादर** : १२.३९%
- **मालवाहक ट्रकको भाडादर** : २६.७९%

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले सार्वजनिक सवारीसाधनको भाडादर बढाउने गृहकार्य अघि बढाएको छ। मन्त्रालयमातहतको भाडा निर्धारण तथा समायोजन समितिको शुक्रबार बसेको बैठकले काठमाडौं उपत्यकासहित प्रदेशभर सञ्चालन हुने सवारीसाधनको भाडा वृद्धि गर्न सिफारिस गरेको हो।

मन्त्रालयका श्रम, रोजगार तथा यातायात महाशाखा प्रमुख प्रवीण श्रेष्ठका अनुसार काठमाडौं उपत्यकाभित्र सञ्चालन हुने यात्रुवाहक सार्वजनिक सवारीको भाडा साबिकको दरभन्दा २५.९६ प्रतिशतसम्म बढाउन सिफारिस गरिएको छ।





● **प्रवीण श्रेष्ठ**, महाशाखा प्रमुख, श्रम मन्त्रालय, बागमती प्रदेश

पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएकाले भाडा समायोजनको सिफारिस गरिएको हो। समितिले सिफारिस गरेको नयाँ भाडादर स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको छ। त्यहाँबाट निर्णय भएपछि राजपत्रमा सूचना प्रकाशित गरी लागू हुनेछ। विद्युतीय सवारीसाधनको भाडादर भने हाललाई यथावत् राख्ने निर्णय भएको छ।

त्यसैगरी, उपत्यकाबाहिर सञ्चालन हुने यात्रुवाहक सवारीसाधनको भाडा १७.३५ प्रतिशतले वृद्धि गर्ने प्रस्ताव गरिएको छ। ट्याक्सीको भाडादर १२.३९ प्रतिशतले बढाउने तथा मालवाहक सवारीसाधनको भाडा २६.७९ प्रतिशतले वृद्धि गर्न सिफारिस गर्ने निर्णय गरेको उनले जानकारी दिए।

नयाँ भाडादर स्वीकृतिका लागि मुख्यमन्त्री कार्यालयमा पठाइएको छ

'प्रदेश भाडा निर्धारण र समायोजन तथा विद्युतीय माध्यमबाट भाडा भुक्तानी नियमावली २०७८' को नियम ४ को उपनियम (१) बमोजिम गठित समितिले नयाँ भाडादर निर्धारण गरी सिफारिस गरेको हो। समितिले विद्युतीय सवारीसाधनको भाडादर भने हाललाई यथावत् राख्ने निर्णय गरेको छ। विद्युतीय सवारीको भाडादर ०७९ मै निर्धारण भइसकेकाले तत्काल कुनै फेरबदल नगर्ने निर्णय गरिएको महाशाखा प्रमुख श्रेष्ठले जानकारी दिए।

उनका अनुसार पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएकाले भाडा समायोजनको सिफारिस गरिएको हो। समितिले सिफारिस गरेको नयाँ भाडादर स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएको छ।मन्त्रिपरिषद् बाट स्वीकृत भएको निर्णय प्रदेश राजपत्रमा प्रकाशित गरिनेछ। राजपत्रमा सूचना प्रकाशित भएपछि नयाँ भाडादर औपचारिक रूपमा लागू हुने श्रेष्ठले जानकारी दिए।

अब जय ट्रफी ६ टिमले खेल्ने

आठ खेल बाँकी रहँदा एक अंक जोडेर पुछारमा रहेको कोशी र तीन अंक जोडेर नवौं स्थानमा रहेको कर्णाली प्रदेशको जय ट्रफी खेल्ने सम्भावना समाप्त भइसकेको छ

नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले दुईदिवसीय क्रिकेट प्रतिस्पर्धात्मक बनाउन ६ टिम सहभागी गराउने निर्णय गरेको छ। क्यानले जय ट्रफीमा चार टिमबाट बढाएर अर्को संस्करणका लागि ६ टिम सहभागी हुने टुंगो लगाएको हो। सहभागी टिमले नै प्रतिस्पर्धा बढाउन तथा खेलाडीलाई धेरैभन्दा धेरै अनुभव बटुल्न उपयोगी हुने भन्दै सहभागी टिम बनाउन क्यानसँग अनुरोध गरेका थिए। सोहीअनुसार क्यानले ६ टिमलाई सहभागी गराउने निर्णय गरेको छ।

क्यानले पछिल्लो दुईपटक जय ट्रफी आयोजना गरेको थियो। सेतो जर्सी लगाएर खेल्ने जय ट्रफीका लिग चरणका खेल दुई दिवसीय खेलाइन्छ। फाइनल भने तीन दिनको हुँदै आएको छ। यसअघि दुवैपटक भएको जय ट्रफी नेपाल पुलिस क्लबले जितेको छ।

प्रधानमन्त्री कप (पिएम कप) एकदिवसीय प्रतियोगिताको शीर्ष ६ टिम अब जय ट्रफीमा स्थान बनाउनेछन्। पिएम कपमा तीन विभागीयसहित सात प्रदेश गरी १० टिम सहभागी हुँदै आएका छन्। आठ खेल बाँकी रहँदा एक अंक जोडेर पुछारमा रहेको कोशी र तीन अंक जोडेर नवौं स्थानमा रहेको कर्णाली प्रदेशको जय ट्रफी खेल्ने सम्भावना समाप्त भइसकेको छ।

अब, १३ अंकसहित शीर्ष स्थानमा रहेको विभागीय टोली त्रिभुवन आर्मी क्लबले जय ट्रफी खेल्ने पक्का भइसकेको छ। अब, पाँच टिमका लागि सुदूरपश्चिम प्रदेश, नेपाल पुलिस क्लब, मधेश प्रदेश, एपिएफ क्लब, बागमती प्रदेश, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशको सम्भावना उस्तै रहेको छ।

■ सम्भावित ६ टिम

त्रिभुवन आर्मी क्लब

विभागीय टोली त्रिभुवन आर्मी क्लबले पिएम कपमा अपराजित यात्रा कायम राखेको छ। उसले सात खेल खेल्दा ६ खेल जितेको थियो। एक खेल भने वर्षाका कारण हुनै सकेन र अंक बाँडियो। टिम १३ अंकसहित शीर्ष स्थानमा रहँदा जय ट्रफी छनोट भइसकेको छ। आर्मीले विपक्षीहरू नेपाल पुलिस, गण्डकी, बागमती, मधेश, कर्णाली र सुदूरपश्चिमलाई हराएको थियो। एपिएफविरुद्ध भने वर्षा बाधक बन्दा जित निकाल्न सकेन।

सुदूरपश्चिम प्रदेश

युवा खेलाडीको साथ पाएको सुदूरपश्चिम प्रदेशले सानदार प्रदर्शन गर्दै आइरहेको छ। सुदूरपश्चिम आठ खेल खेल्दा पाँच खेल जित्न सफल भयो। तीन हार व्यहोरेको उसले १० अंक जोडेर शीर्ष दुईमा रहेको छ। पछिल्लो दुई खेलमा भने आर्मी र एपिएफसँग पराजित भयो। त्यसअघि लगातार खेल जित्दै उसले जय ट्रफी सम्भावना निकै बलियो बनाएको थियो। सुदूरपश्चिमको लगातार उत्कृष्ट प्रदर्शनमा बलर हेमन्त धामीले २२ विकेट लिँदै शीर्ष स्थानमा रहेका छन्। शेर मल्लले पनि १९ विकेट लिएर तेस्रो स्थानमा छन्।

नेपाल पुलिस क्लब

विभागीय टोली नेपाल पुलिस क्लब पनि जय ट्रफीनजिक छ। तर, उसले यसपटक आशाअनुसार प्रदर्शन गर्न सकेको छैन। सात खेल खेल्दा मात्र चार जित निकाल्यो। दुई खेलमा पराजित हुँदा एक खेलमा वर्षा बाधक भयो र अंक बाँड्न पुग्यो। पुलिस लुम्बिनी र आर्मीविरुद्ध पराजित भएको थियो। अधिकांश राष्ट्रिय टिमका खेलाडी टिममा हुँदा पुलिस जय ट्रफीमा स्थान बनाउनेमा भने विश्वस्त छ। पुलिस पछिल्लोपटक आयोजना भएको जय ट्रफीको एक्लो विजेता हो।

मधेश प्रदेश

पछिल्लोपटक जय ट्रफी गुमाएको मधेश प्रदेश यसपटक कमब्याक गर्ने योजनामा छ। जय ट्रफीको पहिलो सिजन मधेशले खेल्यो। तर, टिमले तीन खेल खेल्दा जित निकाल्नै सकेन। दोस्रोपटक छनोट हुनै सकेन। यसपटक छनोट भएर पहिलो जित निकाल्नुपर्ने मधेशलाई दबाब बढेको छ। राष्ट्रिय टिमबाट खेलिसकेका मोहम्मद आदिल आलम, कप्तान अनिल शाह, पवन सराफजस्ता खेलाडी टिममा हुँदा यसपटक मधेशले मिश्रित प्रदर्शन गर्दै आएको छ। टोली सात खेलमा समान नौ अंक जोड्दै चौथो स्थानमा छ।

एपिएफ क्लब

रोहितकुमार पौडेल कप्तान रहेको एपिएफ लगातार दोस्रोपटक जय ट्रफीमा छनोट हुने लक्ष्यमा छ। पहिलो संस्करण एपिएफ छनोट हुनै सकेन। तर, दोस्रो संस्करणमा भने टिम छनोट भएको थियो। तीन खेल खेल्दा मात्र एक जित निकालेको थियो। यसपटक लिगमा आठ खेल खेल्दा चार जितसहित नौ अंक जोडेको छ। एक खेलमा अंक बाँड्दा चार खेल नै गुमाएको थियो। एपिएफले पछिल्लो तीन खेलमा लगातार जित निकालेपछि जय ट्रफीको सम्भावना बढाएको थियो। टोलीमा राष्ट्रिय टिमबाट खेलेका रोहितसँगै सन्दीप जोरा, आसिफ शेखल, लोकेश बम र युवा स्टार युवराज खत्रीजस्ता खेलाडी छन्।

बागमती प्रदेश

मिश्रित प्रदर्शन बाबजुद बागमती प्रदेशले पिएम कपबाट जय ट्रफीमा छनोट हुने सम्भावना कायम राखेको छ। आठ खेलमा मात्र आठ अंक जोडेको छ। लेग स्पिनर सन्दीप लामिछाने कप्तान रहेको बागमतीलाई बाँकी खेलमा हार छुट छैन। यदि एक हारले पनि उसको लगातार तेस्रोपटक जय ट्रफी खेल्ने सपना धरापमा पर्नेछ। बागमतीले अर्को दबाबमा रहेको लुम्बिनीविरुद्ध १ वैशाखमा खेल्दै छ। बागमतीका सन्दीपसहित रिजन ढकाल, प्रतिश जिसी, ईशान पाण्डेजस्ता खेलाडी रहेका छन्।

एपिएफको रोमाञ्चक जित

नयाँ पत्रिका

विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबले प्रधानमन्त्री कप एकदिवसीय पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा कोशी प्रदेशविरुद्ध पाँच रनको रोमाञ्चक जित निकालेको छ। जनकपुरस्थित रामजानकी बहुउद्देश्यीय रंगशालामा टस हारेर सुरुमा ब्याटिङ गरेको एपिएफले ४७.५ ओभरमा सबै विकेट गुमाउँदै दुई सय २६ रनको लक्ष्य दियो। प्रत्युत्तरमा अन्तिम बलमा अल आउट हुँदा कोशीले मात्र दुई सय २० रन बनायो।

यदि कोशीले एपिएफलाई हराएको भए कीर्तिमान बनाउने थियो। तर, अन्तिम ओभरमा कोशी चुक्न पुग्यो। जितपछि एपिएफ नौ अंकसहित पाँचौं स्थानमा उक्लिँदै जय ट्रफीको सम्भावना कायम राख्यो। कोशी भने पुछारमा छ।

कोशीका लागि ओपनरद्वय सुमन श्रेष्ठ र अंकित सुवेदीले शतकीय साझेदारी गरे पनि टोलीलाई जित दिलाउन सकेनन्। अंकितले सर्वाधिक ७२ तथा सुमनले ६५ रन बनाएका थिए। पहिलो विकेटका लागि सुमन र अंकितले एक सय २२ रनको साझेदारी गरेका थिए। तर, एक सय २२ रनमा कुनै विकेट नगुमाएको कोशीले बाँकी १० विकेट गुमाउँदा मात्र ९८ रन बनायो। कोशीका सात ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्।

एपिएफका लागि अभिषेक गौतमले चार तथा कप्तान रोहित पौडेलले दुई विकेट लिएका थिए।

यसअघि पहिलो इनिङ्समा एपिएफका लागि सन्दीप जोराले सर्वाधिक ७२ रन बनाए। उनले ९४ बलमा आठ चौका र एक छक्का प्रहार गरेका थिए। सुमित महर्जनले ७३ बलमा ६ चौका र एक छक्कासहित ५७ रनको योगदान गरे। कप्तान रोहित पौडेल २० रन तथा अमरसिंह रउटेला २७ रनमा अविजित रहे। एपिएफका लागि सन्दीप जोरा र सुमितले एक सय ३० बलमा एक सय १४ रनको बलियो साझेदारी गरेका थिए।

कोशीका लागि कप्तान सुजन थपलियाले तीन तथा विपिन महतो र दीपेश कँडेलले समान दुई विकेट लिए।

मधेशविरुद्ध बागमती हाबी

बलर प्रतिश जिसीले पाँच विकेट लिएपछि बागमती प्रदेशले प्रधानमन्त्री कपमा मधेश प्रदेशलाई ३५ रनले पराजित गरेको छ। शुक्रबार पर्साको वीरगन्जस्थित टिबी शाह क्रिकेट मैदानमा टस हारेर सुरुमा ब्याटिङ गरेको बागमतीले ४८.४ ओभरमा सबै विकेट गुमाउँदा दुई सय नौ रनको लक्ष्य दियो। जवाफमा मधेश ३४.३ ओभरमा सबै विकेट गुमाउँदा दुई सय ७३ रन मात्रै भयो।

आठौं खेलमा चौथो जितपछि आठ अंक जोडेको बामगती छैटौं स्थानमा रहँदै जय ट्रफीको सम्भावना कायम राख्यो। पराजित भए पनि सात खेलमा नौ अंक जोडेको मधेश चौथो स्थानमा छ।

मधेशका लागि ओपनर मयन यादवले सर्वाधिक ४० रन बनाए। कप्तान अनिल शाह २६, मोहम्मद आदिल आलम २७ तथा विशाल सुस्लिग २१ रनमा आउट भए। आदिल आलम र विशालबिच छैटौं विकेटका लागि ३७ बलमा ५२ रनको साझेदारी भएको थियो।


बागमतीका लागि प्रतिशले सर्वाधिक पाँच विकेट लिएका थिए। उनले ९.३ ओभरमा ५५ रन खर्चिएर पाँच विकेट लिएका हुन्। रिजन ढकालले दुई तथा कप्तान सन्दीप लामिछाने र सुवास खत्रीले समान एक विकेट लिए।

त्यसअघि पहिलो इनिङ्समा बागमतीका लागि उत्तम थापा मगरले सर्वाधिक ४४ रन बनाएका हुन्। रिन्जिङ लामा २९, कप्तान सन्दीप लामिछाने ३६ तथा रिजन ढकाल १५ रनमा आउट भए। सन्दीप र रिजनले छैटौं विकेटका लागि ६२ बलमा ४९ रनको ठुलो साझेदारी गरेका हुन्।



मधेशका लागि पवन सर्राफले तीन तथा मोहम्मद आदिल आलम र रञ्जित कुमारले समान दुई विकेट लिए।

त्रिविको फ्लड लाइटमा नेपाल र युएई खेल्ने



काठमाडौं/ नेपाल र युएईबिचको अन्तर्राष्ट्रिय खेल त्रिवि क्रिकेट मैदानको फ्लड लाइटमा हुने भएको छ। शुक्रबार क्यानले युएईसँगको खेल त्रिवि मैदानमा हुने जनाएको छ। खेल साँझ ५ बजे हुनेछ। क्यानका अनुसार नेपालले अप्रिल २० र २१ गते युएईसँग टी २० खेल खेल्दै छ। त्रिविका फ्लड लाइट जडानपछि पहिलोपटक अन्तर्राष्ट्रिय खेल साँझमा हुन लागेको हो। पछिल्लोपटक क्यानले नेपाल प्रिमियर लिग फ्ड लाइटमा आयोजना गरेको थियो।

युएईसँगको खेलपछि मात्रै नेपालले युएई, ओमान सम्मिलित आइसिसी पुरुष क्रिकेट लिग-२ का खेल खेल्नेछ। यो शृंखला २५ अप्रिलबाट ५ मेसम्म हुनेछ। नेपालले फेरि १२ मेदेखि स्कटल्यान्ड र अमेरिका सम्मिलित लिग-२ कै शृंखला खेल्ने तालिका छ। २२ मेसम्म हुने खेल पनि त्रिवि क्रिकेट मैदानमै हुनेछ।

प्याराग्लाइडिङ प्रतियोगिता

नेपालका विष्णु र भारतका अलिसार संयुक्त विजेता



उदयपुरमा **विदुर कटुवाल**

कोशी प्रदेशस्तरीय प्याराग्लाइडिङ प्रतियोगिता २०८२ को उपाधि भारतीय पाइलट अलिसार रम्तेल र नेपाली पाइलट विष्णु तिम्सिनाले जितेका छन्। उदयपुरको बेलका नगरपालिका- ८ बोप्ताङमा पहिलोपटक आयोजना भएको प्रतियोगिता शुक्रबार सम्पन्न भएको थियो। समान ४४ अंक जोडेपछि अलिसार र विष्णुलाई संयुक्त विजेता घोषणा गरिएको हो।

यसैगरी, सुमनजंग थापा दोस्रो र र पवन परियार तेस्रो भए। महिलातर्फको प्रतिस्पर्धामा भारतीय पाइलट सियन्सी तामाङले उत्कृष्ट प्रदर्शन गर्दै प्रथम स्थान हात पारिन्। प्रतियोगिताका विजेताले ५० हजार, दोस्रोले ३० हजार र तेस्रोले २० हजार रुपैयाँ नगद प्राप्त गरेका छन्।

नेपाल प्याराग्लाइडिङ तथा ह्याङ्ग्लाइडिङ संघ, जिल्ला समिति उदयपुरका अध्यक्ष ईश्वरमान राईले प्रतियोगिता आठ राउन्डमा सम्पन्न भएको बताए। जसमा दुवै पाइलटले उत्कृष्ट सन्तुलन र सटीक अवतरण प्रदर्शन गरेका थिए। चैत २६ र २७ गते दुई दिनसम्म सञ्चालन भएको प्रतियोगिताले स्थानीयस्तरमा साहसिक पर्यटन प्रवर्द्धन गर्ने नयाँ सम्भावना उजागर गरेको आयोजकले जनाएको छ।

नेपाल प्याराग्लाइडिङ तथा ह्याङ्ग्लाइडिङ संघ, जिल्ला समिति उदयपुरको आयोजना तथा कोशी प्रदेश पर्यटन कार्यालय धरानको आर्थिक सहयोगमा सम्पन्न उक्त प्रतियोगितामा विदेशी चारजनासहित कुल ३५ जना पाइलटको सहभागिता रहेको थियो। प्रतियोगिताभर पाइलटहरूले बोप्ताङबाट दुई सय ८० भन्दा बढी उडान गरेका थिए।

उडानका क्रममा सहभागीले कोशी टप्पु आरक्ष, सप्तकोशी नदी क्षेत्र तथा आसपासका प्राकृतिक दृश्यहरूको अवलोकन गरेका थिए। निर्धारित मापदण्डअनुसार उनीहरूले किनाराको लाहुरे खोच क्षेत्रमा सटीक रूपमा अवतरण गर्नुपर्ने नियम थियो, जसले प्रतियोगितालाई थप प्रतिस्पर्धात्मक बनाएको थियो।

यसरी दिइन्छ अंक

प्याराग्लाइडिङ एक्युरेसी प्रतियोगिता हवाई खेलकुदअन्तर्गतको विशेष विधा हो। जसमा पाइलटहरूले आकाशबाट उडान गरेर जमिनमा तोकिएको सानो लक्ष्य विन्दुमा कति नजिक अवतरण गर्न सक्छन् भन्ने आधारमा अंक प्रदान गरिन्छ। प्रत्येक पाइलटले अधिकतम आठपटकसम्म उडान गर्ने अवसर पाउने व्यवस्था गरिएको थियो। जसले उनीहरूको निरन्तरता र दक्षताको परीक्षण गर्ने काम गरेको थियो। आयोजकले भविष्यमा पनि यस्ता प्रतियोगितालाई निरन्तरता दिँदै बोप्ताङ क्षेत्रलाई प्रदेशस्तरीय मात्र नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको साहसिक पर्यटन गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य लिएको जनाएको छ। स्थानीयवासी, पर्यटन व्यवसायी तथा सरोकारवालाले पनि यस प्रतियोगिताले क्षेत्रको पर्यटन प्रवर्द्धन, स्थानीय अर्थतन्त्रको सुदृढीकरण तथा पहिचान विस्तारमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरेका छन्।

हक्कीको राष्ट्रिय टिम घोषणा

नयाँ पत्रिका

नेपाल हक्की संघले राष्ट्रिय टिमको घोषणा गरेको छ। शुक्रबार गण्डकीकी अंकिता अधिकारीको नेतृत्वमा २६ सदस्यीय महिला टिम र गण्डकीकै कुशल नेपालीको नेतृत्वमा २६ सदस्यीय पुरुष राष्ट्रिय हक्की टिमको घोषणा गरिएको हो।

महिला टोलीको गोलकिपरमा सञ्जु मगर, खुस्बु रान र मधुकुमारी छन्। यस्तै, फर्वार्डमा प्रनिता पुडासैनी, आशीका मण्डल, नमिता एस के, वन्दना भट्ट, अन्जली कर्माकर, बबिता उराव र मुस्कान राना परेका छन्। यस्तै, महिला टिको मिडफिल्डमा सीतामाया बल, अंकिता मुखिया, गीता पुनमगर, करुणा ठगुन्ना, निरुता गिरी, सबिता राजवंशी, लक्ष्मनियाकुमारी दास, पुर्णिमा नेगी र सपना स्याङ्बो रहेका छन्। यस्तै, डिफेन्समा सोनु बराल, सञ्जिता श्रेष्ठ, विमु नेपाली, सञ्जु चौधरी, शर्मिला कुमारी र कृति पुलामी छनोट भएका छन्।

पुरुष टोलीको गोलकिपरमा जोशन राई, विवेक जोशी र उज्ज्वल राजवंशी छन्। यस्तै, अट्याक-फर्वार्डमा असिम बाहिक, सुदीप चौधरी, विशु घिमिरे, महेश नेपाली, भरत टमटा, रोनस के यादव र अनिश खड्काले स्थान बनाए। मिडफिल्डमा आयुष शाह, पुरुषोत्तम महतो, मोहन पुन, उमेश श्रेष्ठ, जयन्त बडु, मनीष भट्ट, रोमन राजवंशी, रहेका छन्। यस्तै, डिफेन्समा सुजन बोगटी, सौरभ दंगाल, मानकेश्वर साह, विवेक गुरुङ, निशान्त भट्ट, रोहित राजवंशी, संगम घर्ती मगर र अमिन सापकोटा छनोट भएका छन्।

यस्तै, राष्ट्रिय टिमको जर्सीसमेत सार्वजनिक गरेको छ। राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव रामचरित्र मेहताले टिमको घोषणा र जर्सी सार्वजनिक गरेका हुन्।

■ विराट गोल्डकप

उद्घाटन खेलमा झापा र आर्मी भिड्ने

विराटनगरमा **गणेश लम्साल**

विराट गोल्डकपको उद्घाटन खेलमा पूर्वविजेता झापा-११ र विभागीय टोली त्रिभुवन आर्मी क्लबबिच प्रतिस्पर्धा हुने भएको छ। विराटनगरको सहिद रंगशालामा दिवा तथा रात्रि समयमा २८ चैत शनिबारदेखि आयोजना हुने विराट गोल्डकप ५ चैतसम्म चल्नेछ।

विराट गोल्डकप ट्रस्टका सदस्य तथा प्रवक्ता धनकुमार लामाका अनुसार गोल्डकपमा मोरङ जिल्लाको लिग विजेता टोली सम्राट स्पोर्टिङ क्लबदेखि भारतको अल झारखण्ड बिर्सा मुन्डा एकेडेमीसहित आठ टोलीले सहभागिता जनाएका छन।

ट्रफीसहित ११ लाख रुपैयाँ पुरस्कार रहेको विराट गोल्डकपको दोस्रो खेलमा अर्को विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ एफसीले सहिद स्मारक 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइजसँग स्पर्धा गर्नेछ। श्री स्टार क्लबको अनुपस्थिति रहने गोल्डकपको तेस्रो खेलमा नेपाल पुलिस क्लबले ०८० सालको विजेता मच्छिन्द्र फुटबल क्लबको सामना गर्नेछ।

गोल्डकपको अघिल्लो संस्करणमा श्री स्टारले चर्च ब्वाइजलाई २-० ले पराजित गर्दै समग्रमा दोस्रोपटक उपाधि जितेको थियो। श्री स्टारले गोल्डकपको पाँचौं संस्करणमा त्रिभुवन आर्मी क्लबलाई पराजित गरेको थियो।

गोल्डकपका प्रवक्ता लामाका अनुसार प्रतियोगिता दिवा-रात्रि समयमा आयोजना हुनेछ। विराटनगरस्थित नोबेल मेडिकल कलेजको मुख्य प्रायोजन रेहको विराट गोल्डकपको प्रवर्द्धनमा कोशी प्रदेश सरकार, विराटनगर महानगर, राष्ट्रिय खेलकुद परिषद् रहेका छन्।

०१८ सालबाट सुरु भएको महेन्द्र गोल्डकप ०६७ र ०६८ सालपछि विराट गोल्डकपमा रूपान्तरण भएको थियो। तर, ट्रस्टले भने यसपटकबाट विराट गोल्डकपलाई पुरानै अवस्थाबाट अघि बढाउने गरी ३८औं संस्करणका रूपमा गणना गर्ने जनाएको छ।



सबिना र प्रियंकाबिच स्वर्णका लागि प्रतिस्पर्धा हुने

नयाँ पत्रिका

विभागीय टोली नेपाल पुलिस क्लबकी सबिना श्रेष्ठ र त्रिभुवन आर्मी क्लबकी प्रियंका शाहीले महिला ५५ केजी तौल समूहको स्वर्ण पदकका लागि प्रतिस्पर्धा गर्ने भएका छन्। दुवै खेलाडी पाँचौं कृष्णप्रसाद भट्टराई स्मृति राष्ट्रिय कराँते प्रतियोगिताको फाइनलमा स्थान पक्का गरेका हुन्।

शुक्रबार सातदोबाटोस्थित कराँते एकेडेमीमा भएको खेलमा सबिनाले कोशी प्रदेशकी सिर्जना खुलाललाई १२-५ र प्रियंकाले कर्णाली प्रदेशकी प्रियंका शाहीलाई ३-० ले पराजित गरेका हुन्।

पुलिसका एलोन श्रेष्ठ र बागमती प्रदेशका निश्चित घले पुरुष ५५ केजी तौल समूहको फाइनलमा पुगेका छन्। सेमिफाइनलमा एलोनले सुदूरपश्चिम प्रदेशका आनन्द कार्कीलाई ५-२ तथा निश्चिलले मधेश प्रदेशका रोहित ठाकुरलाई ६-५ ले हराउँदै फाइनल भेट पक्का गरेका हुन्। एपिएफका राकेश मानन्धर र गण्डकी प्रदेशका बमिन गुरुङले पुरुष ५० केजी तौल समूहको स्वर्ण पदकका लागि प्रतिस्पर्धा गर्ने भएका छन्। राकेशले पुलिसका सुजन तामाङलाई ६-० र बमिनले सुदूरपश्चिम प्रदेशका गजेन्द्र साउदलाई ७-३ ले हराउँदै फाइनलको यात्रा तय गरेका हुन्।

बागमतीकी पार्वती श्रेष्ठ र एपिएफकी अन्जली महर्जन ५० केजी महिलाको फाइनलमा पुगेका छन्। पुलिसकी एलिशा राई र आर्मीकी सम्पदा केसीले महिला ६८ केजीमुनिको तौल समूहको स्वर्ण पदकका लागि आज नै प्रतिस्पर्धा गर्दै छन्।



मधेश प्रदेशका रितिक थिङ र एपिएफका मीनबहादुर पुरुष ६० केजी तौल समूहको फाइनलमा पुगेका छन्। एपिएफका मोहम्मद शेखु आलम र लुम्बिनीका कृष्ण बुढामगर पुरुष ८४ केजीमुनिको तौल समूहको फाइनलमा पुगे।

पुलिसकी वर्षा बुढा र एपिएफकी आस्था लुहारले महिला ४५ केजीमुनिको तौल समूहको स्वर्ण पदकका लागि प्रतिस्पर्धा गर्दा पुलिसकै सन्तोष श्रेष्ठ र एपिएफका प्रदीप बैजाली मगर पुरुष ६७ केजी तौल समूहको फाइनल खेल्दैछन्। आर्मीकी श्रद्धा सुनार र पुलिसकी निरूपा दोङ तामाङले ६१ केजी तौल समूहको स्वर्ण पदकका लागि प्रतिस्पर्धा गर्नेछन्।

प्रतियोगितामा सात प्रदेश र तीन विभागका गरी दुई सय १० खेलाडीले फाइट र काता गरी १७ इभेन्टमा प्रतिस्पर्धा गरिरहेका छन्। प्रतियोगिताको टिम च्याम्पियनले एक लाख ५० हजार, दोस्रोले ७५ हजार र तेस्रोले ३५ हजार रुपैयाँ प्राप्त गर्नेछ। महिला-पुरुषतर्फको उत्कृष्ट खेलाडीले २५ हजार रुपैयाँ तथा उदीयमान खेलाडीले प्राप्त गर्ने आयोजक डोजोका अध्यक्ष दीपक श्रेष्ठले जानकारी दिए।

आर्मी काताको सबै इभेन्ट्सको फाइनलमा

त्रिभुवन आर्मी क्लब पाँचौं प्रतियोगिताको कातातर्फको सबै इभेन्ट्सको फाइनलमा पुगेको छ। प्रतियोगिताको महिला-पुरुष एकल र टिम सबैमा आर्मीका खेलाडी र टोली फाइनलमा पुगेका हुन्। त्यस्तै, नेपाल पुलिस क्लब महिला एकलबाहेक काताको सबै इभेन्ट्सको फाइनलमा पुगेको छ। त्यस्तै, एपिएफकी सन्जु देसार महिला एकल काताको फाइनल पुगेकी छिन्। उनले फाइनलमा आर्मीकी सानुमाया थिङको सामना गर्नेछिन्। पुलिसकी एलिसा रास्कोटी मगर र बागमती प्रदेशकी दीपा पुनले महिला एकल काताका कांस्य पदक जितेका छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com